वर्ष : १५ | अंक : १२

२०८३ असार | 2026 June.-July.

# अर्थ र रोजगार

ARTHA RA ROJGAR

राष्ट्रिय मासिक



संगीतमै साधनारत रितु



## युरोप छिर्ने नेपालीको

# दर्दनाक कथा

मूल्य रु.80/-, भारु. 30/-, मलेसियन रिंगेट ५/-, युएई दिराम ५/-, कतारी रियाल ५/-, ओमानि रियाल 0.५/-, बहराइन बिडी 0.५/-, युएस ४ $/-


छिटो, सजिलो, विश्वासिलो यस्तो
हातमै पैसा दिए जस्तो
रकम पठाउन तथा पाउनका
लागि भरपर्दो माध्यम
Toll Free : 16600-144444
www.prabhumoneytransfer.com.np
PRABHU
Money Transfer
प्रभुको इच्छा

# यसभित्र




६

आवरण

## युरोप छिर्ने नेपालीका दर्दनाक कथा

हामी तपाईंलाई युरोपको एउटा यस्तै अँध्यारो र कठोर मार्गको यात्रामा लैजाँदैछौं, जहाँ सुखद भविष्यका नेपाली सपनाहरू कसरी भुइँमा फ्याँकिएका छन् र कसरी ती सपनाले कुरुप रूप लिइरहेका छन्। चम्किलो भविष्यको सपना पछ्याउँदै गर्दा कतिपय नेपालीहरू यस्तो अनकन्टार र कहालीलाग्दो भुमरीमा फसेका छन्, जसको मूल्य उनीहरूले आफ्नो जीवन र अस्तित्व दाउमा राखेर चुकाउनु परिरहेको छ। यसै विषयमा तयार पारिएको आवरण रिर्पोट :



११ लोकतान्त्रिक एसोसिएसनको अध्यक्षमा गैरे



१२ अलपत्र आयोजना पूरा गर्ने सरकारको घोषणा



१७ एनआरएन नागरिकता कार्यान्वयनमा गम्भीर चुनौती

२६

चौतारी

खल्तीमा **लालपूर्जा**

युवराज नयाँघरे





२८

अनुभूति

योग निद्राको गहिराइमा **पो संसार घुमिरहेको रहेछु**

शम्भु सुस्केरा



राजेन्द्रको **राज**

१६

जनजीवन

• बिन्दु अधिकारी ढकाल

३० मनोरञ्जन

**'संगीतमै साधनारत छु'**

• **ऋतु कँडेल**, गायिका



## सम्पादकीय

# फ्रि भिसा, फ्रि टिकट : व्यवहारिक कार्यान्वयनको प्रश्नमा

वैदेशिक रोजगारी नेपाली युवाको जीवनसँग जोडिएको महत्वपूर्ण विषय हो। रोजगारीको खोजीमा विदेश जाने लाखौँ नेपालीका लागि सुरक्षित, व्यवस्थित र पारदर्शी वैदेशिक रोजगार राज्यको प्रमुख जिम्मेवारी बन्नुपर्छ। तर, विगत एक दशकदेखि लागू रहेको 'फ्रि भिसा, फ्रि टिकट' व्यवस्था अहिले व्यवहारिक कार्यान्वयनको प्रश्नमा उभिएको छ।

श्रमिकमाथिको आर्थिक भार घटाउने उद्देश्यले ल्याइएको यो नीति आफैँमा सकारात्मक सोचबाट आएको थियो। विदेश जान चाहने श्रमिकले ठूलो रकम तिर्न'पर्ने बाध्यता हटोस्, रोजगारीको अवसर सहज होस् र वैदेशिक रोजगार क्षेत्र शोषणमुक्त बनोस् भन्ने यसको मूल भावना थियो। तर, नीति र व्यवहारबीचको दूरीका कारण यसको अपेक्षित परिणाम आउन सकेन।

आजको यथार्थ के हो भने 'फ्रि भिसा, फ्रि टिकट' को व्यवस्था हुँदाहुँदै पनि धेरै नेपाली श्रमिक विदेश जान लाखौं रुपैयाँ खर्च गर्न बाध्य छन्। सरकारले तोकेको सीमित सेवा शुल्क र वास्तविक बजार अभ्यासबीच ठूलो अन्तर देखिएको छ। कतिपय अवस्थामा श्रमिकले तिरेको रकमको कुनै आधिकारिक प्रमाणसमेत पाउँदैनन्, जसले समस्या झनै गम्भीर बनाएको छ।

यो अवस्थाले श्रमिक मात्र होइन, वैदेशिक रोजगार व्यवसायी र राज्य संयन्त्रमाथि समेत प्रश्न खडा गरेको छ। व्यवसायीहरूले लामो समयदेखि यो व्यवस्था अव्यावहारिक भएको भन्दै संशोधनको माग गर्दै आएका छन्। १० हजार रुपैयाँको सीमित शुल्कमा अन्तर्राष्ट्रिय स्तरको भर्ती प्रक्रिया, प्रचार-प्रसार, कागजी प्रक्रिया र व्यवस्थापन गर्न कठिन रहेको उनीहरूको तर्क छ। अर्कोतर्फ, केही व्यवसायीबाट भइरहेको गैरकानुनी असुलीले समग्र क्षेत्रको विश्वसनीयतामाथि असर परेको छ।

अबको बहस 'फ्रि भिसा, फ्रि टिकट' राख्ने वा हटाउने भन्ने मात्र होइन, श्रमिकको हित कसरी सुनिश्चित गर्ने भन्ने हुनुपर्छ। कुनै पनि व्यवस्था कागजमा मात्र राम्रो भएर हुँदैन, त्यसको प्रभावकारी कार्यान्वयन पनि आवश्यक हुन्छ। यदि एउटा नीति व्यवहारमा लागू हुन सक्दैन भने त्यसलाई समयअनुकूल परिमार्जन गर्न' राज्यको जिम्मेवारी हो।

युवा, श्रम तथा रोजगार मन्त्रालयले सेवा शुल्क निर्धारण र यो व्यवस्थाको पुनरावलोकनका लागि प्रक्रिया अघि बढाउनु सकारात्मक कदम हो। वैज्ञानिक आधारमा, अन्तर्राष्ट्रिय अभ्यास अध्ययन गरेर र सबै सरोकारवालासँग छलफल गरी नयाँ व्यवस्था बनाइनुपर्छ। श्रमिकलाई अत्यधिक आर्थिक भार नपर्ने, व्यवसायीलाई कानुनी रूपमा काम गर्ने वातावरण मिल्ने र राज्यको नियमन प्रभावकारी हुने प्रणाली आवश्यक छ।

सेवा शुल्क तोकिँदा पनि सबैभन्दा पहिलो प्राथमिकता श्रमिकको हित हुनुपर्छ। वैदेशिक रोजगारीमा जाने व्यक्ति कुनै वस्तु खरिद गर्ने ग्राहक होइन, आफ्नो श्रम बेच्न विदेश जाने नागरिक हो। उसको सुरक्षा, सम्मान र अधिकार सुनिश्चित गर्न' राज्यको दायित्व हो।

अब आवश्यकता नाराको निरन्तरताभन्दा परिणाममुखी सुधारको हो। 'फ्रि भिसा, फ्रि टिकट' एउटा उद्देश्य थियो, तर यदि त्यसले व्यवहारमा श्रमिकलाई सुरक्षित बनाउन सकेन भने नयाँ विकल्प खोज्न हिच्किचाउनु हुँदैन। पारदर्शी शुल्क प्रणाली, कडा नियमन र जिम्मेवार भर्ती प्रक्रियामार्फत मात्र सुरक्षित वैदेशिक रोजगारको आधार तयार गर्न सकिन्छ।


रोजगार मिडिया प्रा.लि.

जि.प्र.का. काठमाडौं द. नं. १३७/०६७/०६८

अर्थ र रोजगार
राष्ट्रिय मासिक
AARTHARAROJGAR

• वर्ष १५ • अंक १२ • २०८३ असार

**सल्लाहकार**
शंकर खनाल

**सल्लाहकार सम्पादक**
युवराज नयाँघरे

**निर्देशक/कार्यकारी सम्पादक**
सुमन गिरी

**निर्देशक/सह-सम्पादक**
उत्तम भट्टराई

**निर्देशक/प्रमुख व्यवस्थापक**
फणिन्द्र दाहाल

**संयोजक**
हेमन्त गौतम

**बजार प्रतिनिधि**
सविन विश्वकर्मा

**ओमान संयोजक**
दिपक श्रेष्ठ
(९६८९६०५३४६९)

**कतार प्रतिनिधि**
खेम भट्टराई
(९७४५६०९५७८)

**कला संयोजक**
हरिराम पौडेल

**प्रतिनिधि**
राजु थापा (क्यानडा)
जनक गिरी (जापान)
हरिकृष्ण अधिकारी (इजरायल)
यामबहादुर पुरकोटी (युएई)

**कानुनी सल्लाहकार**
वरिष्ठ अधिवक्ता देवराज कटुवाल

**डिजाइन**
महेश कार्की

**मुद्रक**
नयाँ नेपाल प्रेस प्रा.लि.,
असन, काठमाडौं
फोन : ९८५११७९९९६

**कार्यालय**
रोजगार मिडिया प्रा.लि.
ज्ञानेश्वर, काठमाडौं
पो.ब. नं. १२०१८,
फोन : ०१-४५३१०४३
९८५१०९२६९६, ९८६३४९७१९१
इ-मेलः artharojgar@gmail.com
www.rojgarmanch.com



# पाठक पत्र



## बजेटको सफलता कार्यान्वयनमा निर्भर

सरकारले ल्याएको आर्थिक पुनर्जागरणको लक्ष्यसहितको बजेटले उत्पादन, रोजगारी, प्रविधि र निजी क्षेत्रलाई प्राथमिकता दिएको देखिन्छ। नीति र योजना महत्वाकांक्षी छन्, तर त्यसको वास्तविक प्रभाव कार्यान्वयनले मात्र देखाउनेछ। विगतमा पनि धेरै राम्रा घोषणा भए तर कार्यान्वयन कमजोर हुँदा अपेक्षित परिणाम आउन सकेन। यसपटक बजेटले समेटेका सुधारका विषयहरू व्यवहारमा लागू भए मात्र अर्थतन्त्रले नयाँ गति लिन सक्छ।

*– राजन कार्की, बिराटनगर*

आगामी आर्थिक वर्षको बजेटले युवालाई रोजगारी, श्रमिक सुरक्षा, प्रविधि, स्टार्टअप र लगानी प्रवर्द्धनजस्ता विषयलाई प्राथमिकतामा राखेको छ। यसले देशको आर्थिक अवस्था सुधार्ने सम्भावना देखाएको छ। तर बजेटको आकारभन्दा पनि खर्च गर्ने क्षमता, पारदर्शिता र प्रभावकारी कार्यान्वयन महत्वपूर्ण हुन्छ। नागरिकले अब भाषण होइन, बजेटका योजना व्यवहारमा देख्न चाहेका छन्।

*– सबिन खड्गी, काठमाडौं*

## श्रमको सम्मान सिकाउने प्रेरणादायी कथा



राजेन्द्र पन्थीको संघर्ष, इमानदारिता र श्रमप्रतिको समर्पणबारेको लेख पढ्दा निकै प्रेरणा मिल्यो। आफ्नो योग्यता र क्षमताले भ्याएको कामलाई सम्मानका साथ अघि बढाउँदै परिवार, समाज र देशप्रति जिम्मेवार बन्न सकिन्छ भन्ने सन्देश लेखले दिएको छ। आजको समयमा सहज बाटो खोज्ने प्रवृत्ति बढिरहेको बेला पन्थीजस्ता मेहनती पात्रहरूले श्रमको महत्व सम्झाइरहेका छन्। सानो व्यवसाय पनि ठूलो आत्मसम्मान र इमानदार मेहनतको आधार बन्न सक्छ भन्ने कुरा उहाँको यात्राले देखाएको छ।

लेखकले एउटा सामान्य पसल चलाउने व्यक्तिको जीवनमार्फत संघर्ष, आत्मनिर्भरता र सकारात्मक सोचको सुन्दर चित्रण गर्नुभएको छ। यस्ता प्रेरणादायी कथा अझै धेरै आउनुपर्छ।

*- उर्मीला थपलिया, बनेपा*

## वैदेशिक रोजगार क्षेत्र सुधारको संकेत

'फ्रि भिसा, फ्रि टिकट' व्यवस्थाको पुनरावलोकनदेखि वैदेशिक रोजगार क्षेत्रका समस्या समाधान गर्ने मन्त्री रामजी यादवको प्रतिबद्धता सकारात्मक देखिन्छ। लामो समयदेखि वैदेशिक रोजगारीमा जाने नेपाली श्रमिक ठगी, बिचौलिया र अव्यवस्थित प्रक्रियाको मारमा पर्दै आएका छन्।

सेवा शुल्कलाई वैज्ञानिक र पारदर्शी बनाउने, श्रमिकका उजुरी छिटो टुंग्याउने तथा डिजिटल प्रक्रियाबाट सहजता ल्याउने योजना कार्यान्वयन हुन सके यसले हजारौँ नेपालीलाई राहत दिनेछ।

वैदेशिक रोजगार केवल आम्दानीको माध्यम मात्र नभई लाखौँ परिवारको भविष्यसँग जोडिएको विषय हो। अब प्रतिबद्धता व्यवहारमा देखिनु आवश्यक छ।

*– कमल गुरागाई, कतार*

## एक्लोपनको पीडा र मायाको संसार



'बज्यैको बह' पढ्दा मन निकै छोयो। सन्तानको सुखका लागि जीवन बिताएका आमाबुबा बुढेसकालमा एक्लिँदै गएको यथार्थलाई लेखले निकै मार्मिक ढंगले प्रस्तुत गरेको छ।बज्यैले घरका जनावरहरूसँग गरेको संवाद केवल माया मात्र होइन, भित्र लुकेको एक्लोपन, पीडा र आफ्ना सन्तानको अभावलाई भुलाउने प्रयास हो। खैरी कुकुर, सेती गाई, बोका, कुखुरी र परेवासँगको उनको आत्मीयताले मान्छेले खोज्ने साथ र अपनत्वको गहिरो अनुभूति गराउँछ। वैदेशिक रोजगारीले परिवारको आर्थिक अवस्था सुधारे पनि धेरै आमाहरूको मन भने सुनसान बन्दै गएको वास्तविकता लेखले उजागर गरेको छ। यस्ता संवेदनशील विषयलाई सरल र भावपूर्ण रूपमा प्रस्तुत गर्ने लेखकलाई धन्यवाद।

*– गुणराज लुइँटेल, ओमान*

## गजल



**● शालिकराम सत्याल**

यो मनभित्रको घाउ देखाउने ठाउँ छैन
आफ्नै छायाँबाहेक अरू कुनै गाउँ छैन।

ऐनाले पनि आजकल प्रश्न गर्न थालेछ
अनुहार उस्तै छ तर पुरानो त्यो नाउँ छैन।

आफ्नै मान्छे खोज्दै हिँडें भीडको बाटोमा
हात समाउने कोही भेटिएन कुनै पाउँ छैन।

समयले कहाँ पुऱ्याउँछ कसलाई के थाहा
नदीले रोजेको यहा आफ्नै कुनै बहाव छैन।

सबैका लागि बाँचें आफूलाई बिर्सिएँ
अन्त्यमा आफ्नै मनको पनि लगाव छैन।

टाढाबाट हेर्दा जीवन फूलजस्तो लाग्छ
गएपछि नजिक काँडाबाहेक कुनै प्रभाव छैन।



# युरोप छिर्ने नेपालीका दर्दनाक कथा

हामी तपाईंलाई युरोपको एउटा यस्तै अँध्यारो र कठोर मार्गको यात्रामा लैजाँदैछौं, जहाँ सुखद भविष्यका नेपाली सपनाहरू कसरी भुइँमा फ्याँकिएका छन् र कसरी ती सपनाले कुरुप रुप लिइरहेका छन् । चम्किलो भविष्यको सपना पछ्याउँदै गर्दा कतिपय नेपालीहरू यस्तो अनकन्टार र कहालीलाग्दो भुमरीमा फसेका छन्, जसको मूल्य उनीहरूले आफ्नो जीवन र अस्तित्व दाउमा राखेर चुकाउनु परिरहेको छ ।

● अर्थ र रोजगार

आज संसारको यस्तो कुनै कुना छैन, जहाँ नेपालीका पाइला नपुगेका हुन् । खाडीका ओभानो र तातो मरुभूमिदेखि युरोपका ओसिला र चिसा गल्लीहरूसम्म, दक्षिणपूर्वी एसियाका कोलाहलले भरिएका कारखानादेखि अमेरिकाका आधुनिक अस्पतालसम्म, नेपाली श्रम र सपना जताततै छरिएका छन् । तर, चम्किलो भविष्यको यही सपना पछ्याउँदै गर्दा कतिपय नेपालीहरू यस्तो अनकन्टार र कहालीलाग्दो भुमरीमा फसेका छन्, जसको मूल्य उनीहरूले आफ्नो जीवन र अस्तित्व दाउमा राखेर चुकाउनु परिरहेको छ ।

०००

इटालीको उत्तर-पूर्वी सिमानामा अवस्थित एउटा ऐतिहासिक सहर छ 'थ्रीएस्ट' । यहाँको एउटा पुरानो बन्दरगाह नजिकै जीर्ण बनेका भवनहरू छन् । सँगै छ एउटा रेलवे स्टेसन । स्टेसन छेउको पार्कको ओसिलो घाँसमा मानिसहरूको लामो लाइन देखिन्छ । कठाङ्ग्रिँदो जाडोमा महिनौँदेखि उध्रिएका कपडा लगाएर पालो पर्खिरहेका यी मानिसहरू को हुन् ? यिनीहरू तिनै हुन्, जो युरोप छिर्ने अभिलाषामा घरबार र सम्पत्ति बुझाएर यहाँसम्म आइपुगेका छन् ।

यो ठाउँलाई मानव तस्करहरूको भाषामा 'बाल्कन रूट' भनिन्छ । 'बाल्कन रुट' भन्नाले युरोप प्रवेश गर्न खोज्ने आप्रवासी र मानव तस्करहरूले प्रयोग गर्ने एउटा प्रमुख अनियमित स्थलमार्ग हो । यो नाम दक्षिण-पूर्वी युरोपको बाल्कन क्षेत्र हुँदै जाने भएकाले राखिएको हो । विशेषगरी मध्यपूर्व, दक्षिण एसिया र केही अफ्रिकी मुलुकका मानिसहरू यस मार्गमार्फत युरोपका धनी देशहरू (जस्तै जर्मनी, फ्रान्स, इटाली आदि)



**रामजी यादव,** मन्त्री
युवा, श्रम तथा रोजगार

## युरोपको रोजगारी संस्थागत रूपमा खुला गर्नेगरी गृहकार्य भइरहेको छ

युरोपका विभिन्न देशहरूमा नेपाली श्रमिक पठाउने प्रक्रियालाई संस्थागत रूपमा खुला गर्ने तयारी गरिरहेका छौं । व्यक्तिगत रूपमा वैदेशिक रोजगारीमा जाँदा श्रमिकहरू ठगिने क्रम बढेको छ, यसलाई व्यवस्थित गर्न संस्थागत रुपमै खोल्ने तयारीका साथ परराष्ट्र मन्त्रालयसँग समन्वय गरिरहेका छौं । यदि परराष्ट्र मन्त्रालयबाट सहयोग नभएमा श्रम मन्त्रालयले विदेशस्थित कुटनीतिक निकायमा आफ्नै उपस्थितिलाई विस्तार गर्ने विकल्पसमेत विचार गरिएको छ ।

पुग्ने प्रयास गर्छन् । नक्सामा हेर्दा यो बाटो जति सामान्य देखिन्छ, यसको वास्तविक भोगाइ र त्रासदी उत्तिकै कहालीलाग्दो छ । एसिया, मध्यपूर्व र अफ्रिकाका हजारौँ आप्रवासीहरू जस्तै नेपालीहरू पनि यही अवैध मार्ग प्रयोग गरेर युरोपका सम्पन्न मुलुकहरू जर्मनी, फ्रान्स वा इटाली छिर्ने प्रयास गर्छन् । यो खतरनाक बाटो सर्बिया र ग्रीसबाट सुरु हुन्छ । त्यसपछि उत्तरपट्टिको नर्थ मेसिडोनिया, बोस्निया, क्रोएसिया, र हंगेरी हुँदै अगाडि बढ्छ ।

यही बाटोको एउटा जीवित प्रतिनिधि हुन्, संखुवासभाका ३५ वर्षीय सुरज अधिकारी । उनको संघर्ष र भोगाइ कुनै डरलाग्दो चलचित्रको कथाभन्दा कम छैन । साइप्रसमा घरेलु कामदारका रूपमा तीन वर्ष रगत-पसिना बगाएर कमाएको झन्डै चार हजार युरो अर्थात् सात लाख नेपाली रुपैयाँ एउटा एजेन्टलाई बुझाएर सुरु भएको उनको १८ दिने यात्रा जीवनकै सबैभन्दा भयानक कालखण्ड बन्यो ।

ग्रीस र फ्रान्सको सिमानाका ती अग्ला र चिसा डाँडाहरू, जङ्गलका अन्धकार रातहरू र कतिपय दिन खोलाको धमिलो र चिसो पानी मात्र पिएर हिंडेका ती क्षणहरू सम्झिँदा अहिले पनि आङ सिरिङ्ग हुन्छ । दिनहुँ नौ-नौ घण्टाको पैदल यात्रा, एजेन्टले मोबाइलमा पठाइदिने 'लाइभ लोकेसन' का भरमा जङ्गलै-जङ्गल अगाडि बढ्नुपर्ने बाध्यता र प्रहरीबाट बच्न झाडीमा सास रोकेर सुत्नुपर्ने अवस्थाले उनलाई जीवन र मृत्युको दोसाँधमा पुऱ्याएको थियो ।

सुरज त एउटा प्रतिनिधि पात्र मात्र हुन् । पाकिस्तान र बंगलादेशका मानव तस्करहरूको सञ्जालमा परेर अल्बानियाको एउटा जुत्ता कारखानामा काम गर्न पुगेका अर्का नेपालीको कथा पनि उस्तै छ । कम्पनीले कामबाट निकालिदिएपछि उनले पाकिस्तानी एजेन्टलाई थप २५ सय युरो बुझाएर पाँच दिनको अर्को त्रासद यात्रा सुरु गरे । अल्बानियाबाट मोन्टेनेग्रो, स्लोभेनिया हुँदै उनी इटालीको यही 'थ्रीएस्ट' नाकामा आइपुगेका थिए ।

सवारी साधनका बन्द कन्टेनरभित्र कोचिएर, हावा र पानीको समेत अभाव झेल्दै गरिएको त्यो यात्राले कयौँको ज्यान समेत लिने गरेको छ । तर, यी सबै कष्ट भोगेकाहरू जब इटालीको यो रेलवे स्टेसन आइपुग्छन्, उनीहरूको संघर्ष सकिँदैन, बरु अर्को अध्याय सुरु हुन्छ ।

यो पार्क अहिले संसारका दुःखहरूको एउटा 'सङ्गठित स्थल' जस्तो बनेको छ । यहाँ अफगानी, पाकिस्तानी, बङ्गलादेशी नागरिकहरूसँगै नेपालीहरू पनि लामबद्ध

> सन् २०२५ मा मात्रै १ हजार ५ सयभन्दा बढी नेपालीहरू बाल्कन क्षेत्र र फालकनभालो हुँदै इटाली प्रवेश गरेका छन् । यो संख्या अघिल्ला वर्षहरुभन्दा निकै बढी हो । त्यहाँ पुग्नेहरूमध्ये ९२ प्रतिशत पुरुष र ८ प्रतिशत महिला छन् ।

छन् । हरेक साँझ कम्तीमा १० देखि १५ जना नयाँ नेपालीहरू यहाँ आइपुग्छन् । कोही खाना खोज्दै त कोही न्यानो लत्ताकपडा र आफ्नो अस्तित्वको एउटा सानो कानुनी आधार खोज्दै यहाँ भौंतारिइरहेका भेटिन्छन् ।

लिनियम, जुम्ब्रा, ओडिभी र सुत्तियेसन जस्ता स्थानीय गैरसरकारी संस्थाहरूले यहाँ आउनेहरूलाई खाना, न्यानो कपडा र प्राथमिक स्वास्थ्य जाँच सेवा दिने गरेका छन् । पछिल्ला पाँच महिनामा मात्रै सयौँ नेपालीहरू यो ट्रान्जिटमा आइपुगेका छन् । पुराना बन्दरगाहका जीर्ण भवनहरूमा प्लास्टिकका पाल टाँगेर बस्ने, बट्टाको तयारी खानाका लागि घण्टौँ लाइन लाग्ने र पानी भर्न रेलवे स्टेसनसम्म धाउनु उनीहरूको दैनिकी बनेको छ ।

'अन्तर्राष्ट्रिय उद्धार समिति' अर्थात् आईआरसी इटालीको तथ्याङ्क सुन्ने हो भने यो भयावह चित्र झन् प्रस्ट हुन्छ । आईआरसीका अनुसार सन् २०२५ मा मात्रै १ हजार ५ सयभन्दा बढी नेपालीहरू बाल्कन क्षेत्र र फालकनभालो हुँदै इटाली प्रवेश गरेका छन् । यो संख्या अघिल्ला वर्षहरूभन्दा निकै बढी हो । त्यहाँ पुग्नेहरूमध्ये ९२ प्रतिशत पुरुष र ८ प्रतिशत महिला छन् । समग्र आप्रवासीहरूको भीडमा नेपालीहरूको ग्राफ लगातार उकालो लागिरहेको छ ।

तर, इटाली पुग्दैमा सुखको दिन सुरु भइहाल्छन् भन्ने भ्रम मात्रै हो । त्यहाँ पुगेपछिको कानुनी सङ्घर्ष झन् जटिल र पट्याउने खालको छ । शरणार्थीको हैसियत पाउन वा कानुनी रूपमा बस्ने एउटा 'कागज' पाउन महिनौँ कुर्नुपर्छ ।

कानुनी रूपमा तीन दिनभित्र यस्तो कागज पाउनुपर्ने व्यवस्था भए तापनि व्यवहारमा यसका लागि ५ देखि ८ महिनासम्म लाग्ने गरेको छ । कानुनी कागज नहुँदा उनीहरूले न त वैधानिक काम गर्न पाउँछन्, न त बस्ने उचित ठाउँ नै पाउँछन् ।

जीर्ण भवनहरूमा कोचिएर बस्दा त्यहाँ विभिन्न देशका नागरिकहरू, लागूऔषध र रक्सीका अम्मलीहरू बीच दैनिकजसो हुने झगडाले नेपालीहरूको सुरक्षामा ठूलो चुनौती थपेको छ । खानाका लागि दैनिक दुई-तीन किलोमिटर हिँड्नुपर्ने बाध्यता छ । अचेल इटाली सरकारले शरणार्थी कार्ड वितरण र सुरक्षा जाँचमा निकै कडाइ गरेको छ, जसले गर्दा धेरैको आवेदन अस्वीकृत भइरहेको छ ।

केही नेपालीहरूले एकैसाथ आवेदन दिएर परिवारकै लागि अस्थायी कागज र क्याम्पमा बस्ने ठाउँ त पाएका छन्, तर सरकारले दिने मासिक भत्ता र सुविधाहरू अत्यन्तै न्यून र अपर्याप्त छन् । अर्कोतर्फ,

नवलपरासीका एक युवाको अवस्था झन् कठिन छ। उनको शरणार्थी आवेदन दुई पटकसम्म अस्वीकार भइसकेको छ। अहिले उनी कागजात बनाउन पुनरावेदन अदालतमा मुद्दा लडिरहेका छन्। वकिलको शुल्कबापत मात्रै उनले एक हजार युरो खर्च गरिसके, तर ४ वर्ष बितिसक्दा पनि हातमा वैध कागज परेको छैन।

आखिर नेपालीहरू यति धेरै जोखिम मोलेर युरोप किन गइरहेका छन् त ? नेपाल सरकारको श्रम मन्त्रालयको तथ्याङ्क र वैदेशिक रोजगार विभागको विवरण अनुसार, विगतमा खाडी मुलुक वा मलेसियामा राम्रो काम र आम्दानी गरिरहेका मानिसहरू समेत अहिले आकर्षक कमाइको लोभमा 'बाल्कन रूट' रोज्न थालेका छन्।

वैदेशिक रोजगारीको खोजीमा गत आर्थिक वर्षमा मात्रै लाखौँ युवाहरू बाहिरिएका छन्, जसमध्ये युरोपेली मुलुकहरू जस्तै रोमानियामा २१ हजार, थाइल्याण्डमा ११ हजार र पोर्चुगलमा करिब २ हजार नेपाली पुगेका छन्। तर, यो त वैध बाटो भयो। अवैध बाटोबाट जानेहरूको कुनै निश्चित तथ्याङ्क सरकारसँग छैन। केही मेनपावर र अन्य दलालहरूले युरोपमा "आकर्षक आम्दानी र सुरक्षित भविष्य" भन्दै भ्रमपूर्ण विज्ञापन फैलाउने गरेका छन्, जसमा सोझा युवाहरू सजिलै फसिरहेका छन्।

> लाखौँ रुपैयाँ ऋण काढेर, ज्यान हत्केलामा राखेर गरिने यस्तो यात्राले रोजगारी होइन, बरु मानव तस्करहरूको गोजी भर्ने काम मात्र गरिरहेको छ। नेपाल सरकार र सम्बन्धित निकायहरूले युरोपको श्रम बजारको वास्तविक अवस्था, त्यहाँ चाहिने कानुनी प्रक्रिया र अवैध बाटोबाट जाँदा हुने गम्भीर जोखिमहरूबारे बेलैमा नागरिकहरूलाई सचेत गराउनु अपरिहार्य भइसकेको छ।



विदेशमा गएर काम गर्ने, आफ्नो आर्थिक हैसियत सुधार्ने र आफ्नो योग्यता अनुसारको राम्रो आम्दानी गर्ने सपना देख्नु आफैँमा गलत होइन। आफ्नो विकासका लागि अवसर खोज्दै विदेश जाने अधिकार हरेक नागरिकलाई छ। तर, प्रश्न उठ्छ– के त्यसका लागि छानिएको बाटो उचित छ त ?

लाखौँ रुपैयाँ ऋण काढेर, ज्यान हत्केलामा राखेर गरिने यस्तो यात्राले रोजगारी होइन, बरु मानव तस्करहरूको गोजी भर्ने काम मात्र गरिरहेको छ। नेपाल सरकार र सम्बन्धित निकायहरूले युरोपको श्रम बजारको वास्तविक अवस्था, त्यहाँ चाहिने कानुनी प्रक्रिया र अवैध बाटोबाट जाँदा हुने गम्भीर जोखिमहरूबारे बेलैमा नागरिकहरूलाई सचेत गराउनु अपरिहार्य भइसकेको छ।

सरकारले युवाहरूको विदेश जाने सपनालाई रोक्ने होइन, बरु त्यसलाई सुरक्षित, कानुनी र मर्यादित बनाउनु आवश्यक छ। जबसम्म नेपालमै पर्याप्त जानकारी र सुरक्षित वैदेशिक रोजगारीको ग्यारेन्टी हुँदैन, तबसम्म युरोपका चिसा गल्लीहरूमा नेपाली सपनाहरू यसैगरी रोइरहनेछन्।

### संस्थागत बाटो खुला गर्न माग

वैदेशिक रोजगारीका लागि युरोप जाने नेपाली युवाको आकर्षण पछिल्ला



वर्षहरूमा निकै बढेको छ । राम्रो आम्दानी, सुरक्षित भविष्य र जीवनस्तर सुधार्ने सपनासहित हजारौँ युवा युरोपका विभिन्न मुलुकतर्फ जाने गरेका छन् । तर, वैधानिक र सुरक्षित प्रक्रियाभन्दा पनि अवैध बाटो, दलाल र अनौपचारिक माध्यम प्रयोग गरेर जाने क्रम बढ्दै गएको छ । यसले वैदेशिक रोजगारीलाई अवसरभन्दा बढी जोखिमपूर्ण यात्रा बनाइरहेको छ ।

गत आर्थिक वर्षमा मात्रै वैदेशिक रोजगारीका लागि ठूलो संख्यामा नेपाली युवा विदेशिएका छन् । रोमानिया, पोर्चुगल, क्रोयसियालगायत युरोप केन्द्रित गन्तव्यमा हजारौँ नेपाली पुगेका छन् । मानव तस्कर र दलालको माध्यमबाट जोखिमपूर्ण यात्रा गर्दै युरोप प्रवेश गर्नेहरूको वास्तविक तथ्यांक सरकारसँग छैन । यसले समस्या झन् गम्भीर बनाएको छ ।

युरोप रोजगारीका नाममा विभिन्न व्यक्ति र समूहले सामाजिक सञ्जाल तथा अन्य माध्यमबाट आकर्षक प्रचार गर्ने गरेका छन् । “छोटो समयमै युरोप पुगिने”, “ठूलो आम्दानी हुने”, “काम पक्का हुने” जस्ता भ्रमपूर्ण आश्वासन दिएर युवाहरूलाई फसाउने प्रवृत्ति बढेको छ । कतिपय युवा लाखौँ रुपैयाँ खर्च गरेर पनि बीच बाटोमै अलपत्र पर्ने, ठगीमा पर्ने र कानुनी समस्यामा फस्ने गरेका छन् ।

“ मागपत्र प्रमाणीकरणको प्रक्रिया नखुल्दा कामदारहरु व्यक्तिगत पहुँच, एजेन्ट र दलालको भर पर्न बाध्य भएका छन् । सुरक्षित वैदेशिक रोजगारीका लागि म्यानपावर कम्पनीमार्फत स्पष्ट प्रक्रिया हुनुपर्ने भए पनि अहिले अनौपचारिक बाटोबाट जाने प्रवृत्तिले प्रश्रय पाइरहेको छ ।

यसको मुख्य कारणमध्ये एक हो– युरोपेली मुलुकमा संस्थागत रूपमा वैदेशिक रोजगारको बाटो व्यवस्थित नहुनु । मागपत्र प्रमाणीकरणको प्रक्रिया नखुल्दा कामदारहरू व्यक्तिगत पहुँच, एजेन्ट र दलालको भर पर्न बाध्य भएका छन् । सुरक्षित वैदेशिक रोजगारीका लागि म्यानपावर कम्पनीमार्फत स्पष्ट प्रक्रिया हुनुपर्ने भए पनि अहिले अनौपचारिक बाटोबाट जाने प्रवृत्तिले प्रश्रय पाइरहेको छ ।

अझ चिन्ताको विषय त के छ भने, वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्ने केही म्यानपावर कम्पनीहरूले समेत संस्थागत प्रक्रिया बाहिर गएर व्यक्तिगत माध्यमबाट युरोप पठाउने काम गरिरहेको आरोप लाग्ने गरेको छ । जब वैधानिक रूपमा कामदार पठाउने बाटो बन्द हुन्छ, त्यही खाली ठाउँ दलालहरूले प्रयोग गर्छन् र त्यसको प्रत्यक्ष मारमा सामान्य युवा पर्छन् ।

वैदेशिक रोजगार व्यवसायीहरूले लामो समयदेखि युरोपका लागि मागपत्र प्रमाणीकरण खोल्नुपर्ने र संस्थागत रूपमा कामदार पठाउने व्यवस्था गर्नुपर्ने माग गर्दै आएका छन् । यदि सरकारले युरोप रोजगारीलाई व्यवस्थित, पारदर्शी र सुरक्षित बनाउने हो भने संस्थागत माध्यमबाट मात्र कामदार पठाउने वातावरण सिर्जना गर्न आवश्यक छ ।

विदेश जान खोज्नु गलत होइन । राम्रो अवसर खोज्नु, आफ्नो आर्थिक अवस्था सुधार्ने प्रयास गर्नु हरेक नागरिकको अधिकार हो । तर, त्यो यात्रा सुरक्षित, कानुनी र सुनिश्चित हुनुपर्छ । राज्यले समयमै स्पष्ट नीति बनाएर युरोप रोजगारीको ढोका संस्थागत रूपमा खोल्न सके मात्रै युवाहरू ठगी, तस्करी र जोखिमपूर्ण यात्राबाट जोगिन सक्छन् । अन्यथा युरोप जाने सपना धेरैका लागि अवसर होइन, पीडाको कथा बन्ने खतरा रहिरहन्छ ।

सुरक्षित र भरपर्दो
वैदेशिक रोजगारीका लागि
हामीलाई सम्झनुहोस ।




Shalmani Overseas

सल्मानी
ओभरसिज प्रा.लि.
बत्तिसपुतली, काठमाडौं, नेपाल
फोन : ०१-५९२३११८

# दलालको पहुँच राज्य संयन्त्रभन्दा एक कदम अगाडि छ



डा. गणेश गुरुङ, श्रमविज्ञ

**● खाडी र मलेसियामा स्थापित भइसकेका युवाहरू समेत लाखौँ रुपैयाँ ऋण काढेर, ज्यान हत्केलामा राखी 'बाल्कन रूट' जस्तो जोखिमपूर्ण अवैध बाटो रोज्दै छन्। युरोपको यो 'सुनौलो सपना' पछाडिको श्रम चिर्न र युवाहरूलाई यथार्थ बुझाउन सरकार र नागरिक समाजको भूमिका कहाँनेर चुक्यो जस्तो लाग्छ ?**

वैदेशिक रोजगारीका नाममा युवालाई विदेश पठाउने बिचौलिया वा मिडिलम्यानहरूको कार्यशैली राज्यभन्दा धेरै अगाडि पुगेको छ। उनीहरूले नयाँ-नयाँ प्रविधि, सामाजिक सञ्जाल र आधुनिक माध्यमको प्रयोग गरेर युवासम्म सहज पहुँच बनाएका छन्। तर सरकार, गैरसरकारी संस्था र नागरिक समाज भने अझै पनि परम्परागत शैलीमै सीमित देखिन्छन्। उनीहरूले अपनाउने नयाँ तरिका र प्रविधिलाई हाम्रो नीति, कार्यक्रम र सचेतनामूलक अभियानले निकै ढिलो मात्रै सम्बोधन गरिरहेको छ।

यही कारणले दलालहरूको पहुँच प्रभावकारी बनेको छ र धेरै नेपाली युवा उनीहरूको प्रलोभनमा परेर ठगिने तथा जोखिमपूर्ण बाटो रोज्न बाध्य भइरहेका छन्। त्यसैले अब सरकारले सूचना प्रवाह, जनचेतना र प्रविधिको प्रयोगमा पनि दलालभन्दा एक कदम अगाडि सोच्नुपर्ने अवस्था आएको छ।

**● सरकारसँग यस्ता आप्रवासीहरूको ठोस तथ्याङ्क समेत छैन। युरोपेली मुलुकहरूसँग 'जी-टु-जी' सम्झौतामार्फत सुरक्षित र वैध बाटो खोल्न वा त्यहाँ अलपत्र परेकाहरूको उद्धारका लागि तत्काल कस्ता कूटनीतिक कदमहरू चाल्नुपर्ने देख्नुहुन्छ ?**

सबैभन्दा पहिले नेपाल सरकारले सम्बन्धित देश वा त्यस क्षेत्रलाई हेर्ने नेपाली राजदूतावासमार्फत तत्काल समन्वय संयन्त्र सक्रिय बनाउनुपर्छ। त्यससँगै अन्तर्राष्ट्रिय संघ-संस्था, गैरआवासीय नेपाली संघ (एनआरएनए) का विभिन्न देशस्थित समितिहरू तथा स्थानीय नेपाली समुदायसँग समन्वय गरी प्रभावित नेपालीहरूको वास्तविक अवस्था यथाशीघ्र पहिचान गर्नुपर्छ।

त्यसपछि प्राप्त विवरणका आधारमा उद्धार, कानुनी सहयोग र आवश्यक राहत उपलब्ध गराउने काम तत्काल सुरु गर्नुपर्छ। यसका लागि वैदेशिक रोजगार बोर्डको स्रोत-साधन प्रभावकारी रूपमा परिचालन गर्न सकिन्छ। नेपाल सरकारको नियमित बजेट प्रक्रिया लामो हुने भएकाले आपत्कालीन अवस्थामा बोर्डको कोष प्रयोग गरेर छिटो निर्णय र कार्यान्वयन गर्ने व्यवस्था हुनुपर्छ। संकटका बेला ढिलाइ गर्नु भनेको थप मानवीय क्षति निम्त्याउनु हो।

**● गाउँदेखि अन्तर्राष्ट्रिय सहरसम्म फैलिएको मानव तस्करहरूको सञ्जालले सोझा युवाहरूलाई 'लाइभ लोकेसन' का भरमा जंगल र कन्टेनरमा मृत्युको मुखमा पुर्‍याइरहेका छन्। यस्ता एजेन्ट र मेनपावरलाई कानुनी कठघरामा ल्याउन र वैदेशिक रोजगारीलाई मर्यादित बनाउन वर्तमान ऐन-नियममा कस्तो सुधारको आवश्यकता छ ?**

यस समस्याको दीर्घकालीन समाधानको आधार भनेकै कानुनी सुधार हो। हाम्रो वैदेशिक रोजगारसम्बन्धी ऐन, नियमावली र कार्यप्रणाली अहिलेको बदलिँदो अन्तर्राष्ट्रिय श्रम बजार र मानव तस्करीका नयाँ प्रवृत्तिअनुसार पर्याप्त रूपमा अद्यावधिक हुन सकेका छैनन्। गन्तव्य मुलुक, आप्रवासनका स्वरूप र तस्करहरूले प्रयोग गर्ने विधि हरेक वर्ष परिवर्तन भइरहेका छन्, त्यसैले कानुन पनि समयानुकूल परिमार्जन हुन आवश्यक छ।

त्यसैगरी, हरेक देशमा रहेका नेपाली राजदूतावास, गैरआवासीय नेपाली संघ, अन्तर्राष्ट्रिय संघ-संस्था तथा स्थानीय सहयोगी निकायबीच आपत्कालीन अवस्थाका लागि पूर्वतयारीसहित स्पष्ट कार्ययोजना हुनुपर्छ। कुन अवस्थामा कसले के गर्ने भन्ने 'अप्सन-१', 'अप्सन-२' जस्ता पूर्वनिर्धारित कार्यविधि तयार भएमा संकट पर्दा तत्काल उद्धार र समन्वय गर्न सहज हुन्छ।

नीतिगत सुधारको मुख्य उद्देश्य समस्या देखिएपछि प्रतिक्रिया दिने होइन, समस्या आउनै नदिने र आए पनि तत्काल प्रभावकारी रूपमा सम्बोधन गर्न सक्ने संस्थागत संयन्त्र निर्माण गर्नु हुनुपर्छ।

## सातै प्रदेशमा बजेट सार्वजनिक :

# कार्यान्वयनमा सरोकारवालाको जोड




सातै प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि आफ्नो वार्षिक बजेट सार्वजनिक गरेका छन्। टुक्रे आयोजना कटौती, प्रशासनिक खर्च नियन्त्रण र नयाँ रोजगारी सिर्जनालाई यस पटक प्रदेश सरकारले प्राथमिकता दिएका छन्।

संघीयता कार्यान्वयनको अभ्याससँगै प्रदेश सरकारहरूले आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि आफ्नो आय-व्ययको अनुमानित विवरण अर्थात् बजेट सार्वजनिक गरेका छन्। अन्तर-सरकारी वित्त व्यवस्थापन ऐनको प्रावधान अनुरूप असार १ गते नै बजेट ल्याउनुपर्ने बाध्यताका बीच प्रदेश सरकारहरूले आ-आफ्नो प्राथमिकता तोकेका छन्।

बजेट सार्वजनिक गर्ने क्रममा मधेश प्रदेश सरकारले ४१ अर्ब १३ करोड ८६ लाख रुपैयाँको बजेट ल्याएको छ। नीतिगत सुधार र आर्थिक अनुशासनलाई जोड दिएको मधेशले 'मेड इन मधेश, समृद्ध प्रदेश' को नारा अघि सारेको छ। मधेश सरकारले यसपटक १ करोडभन्दा मुनिका टुक्रे योजनामा बजेट नछर्ने नीति लिएको छ भने प्रशासनिक खर्च कटौती गर्न मन्त्रिपरिषद् को आकार ११ बाट घटाएर मुख्यमन्त्रीसहित ९ सदस्यीय मात्र बनाउने घोषणा गरेको छ।

यता, सबैभन्दा ठूलो आकारको बजेट ल्याउने दौडमा बागमती प्रदेशले ६६ अर्ब रुपैयाँ बराबरको बजेट स्वीकृत गरेको छ। बागमतीले सामाजिक विकासका लागि ९ अर्ब ६ करोड विनियोजन गर्नुका साथै 'मुख्यमन्त्री विपन्न आवास कार्यक्रम' मार्फत अतिविपन्न परिवारलाई घर बनाइदिन २० करोड छुट्याएको छ।

उता कोशी प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि ४० अर्ब ४४ करोड ९८ लाख रुपैयाँको बजेट सार्वजनिक गरेको छ भने गण्डकी प्रदेश सरकारले ३२ अर्ब ९९ करोड ९९ लाख रुपैयाँको बजेट ल्याएको छ। आन्तरिक स्रोतको संकुचन र केन्द्रको अनुदान घटेका कारण गण्डकीको बजेट विगत ३ वर्षदेखि लगातार घट्दो क्रममा छ। यद्यपि, गण्डकीले पर्यटन र नवप्रवर्तनमा नयाँ प्रयोग गरेको छ।

लुम्बिनी प्रदेश सरकारले आर्थिक वर्ष २०८३/०८४ लागि कुल ३७ अर्ब ३८ करोड ४५ लाख बजेट बिनियोजन गरेको छ। प्रदेश सरकारले प्रदेश गौरवका आयोजना र कृषि उत्पादन वृद्धिलाई प्राथमिकतामा राखेर बजेट प्रस्तुत गरेको छ।

यस्तै, कर्णाली प्रदेश सरकारले पनि आगामी आर्थिक वर्ष २०८३/८४ का लागि ३५ अर्ब ३९ करोड ८५ लाख ४८ हजार रुपैयाँको बजेट ल्याएको छ। चालु आर्थिक वर्षको तुलनामा ७.२८ प्रतिशतले वृद्धि गरी रोजगारी र पूर्वाधारलाई मुख्य प्राथमिकता दिएर कर्णालीले बजेट ल्याएको छ।

सुदूरपश्चिम प्रदेश सरकारले ३७ अर्ब ७० करोड बराबरको बजेट प्रस्तुत गरेको छ। सुदूरपश्चिम प्रदेश सरकारले कृषि र पर्यटनसँगै पूर्वाधार विकासमा जोड दिएर बजेट ल्याएको छ।

समग्रमा यस वर्षको प्रादेशिक बजेटले महत्वाकाक्षी योजनाहरू भन्दा पनि आर्थिक मन्दी र स्रोतको अभावका बीच सन्तुलन मिलाउने प्रयास गरेको देखिन्छ। तर, विनियोजित बजेटको सही कार्यान्वयन र पुँजीगत खर्च गर्ने क्षमता बढाउनु नै प्रदेश सरकारहरूका लागि आगामी वर्षको मुख्य चुनौती हुनेछ।

# लोकतान्त्रिक एसोसिएसनको अध्यक्षमा गैरे



नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार एसोसिएसनको अध्यक्षमा रामप्रसाद गैरे निर्वाचित भएका छन्। उनले आफ्नो प्रतिद्वन्द्वी किशोर केसीलाई पराजित गरे।

प्रथम अध्यक्षमा सुवर्ण लामा, द्वितीय उपाध्यक्षमा हर्क बहादुर लिम्बु, तृतीय उपाध्यक्षमा हिरादेवी बुढाथोकी, महासचिवमा सुमन राज पाण्डे, सचिवमा हिमा गुरुङ, सहसचिवमा जगत बहादुर गुरुङ, कोषाध्यक्षमा भिम माया कार्की (कल्पना), सह कोषाध्यक्षमा कैलाश पाठक निर्वाचित भए।

सदस्यमा विष्णु प्रसाद सापकोटा, ओम प्रकाश शिवाकोटी, उर्मिला लामा, नवीन क्षेत्री पौडेल, विमल पोखेल, राजेश मैनाली, युवराज खतिवडा, विक्रम खतिवडा, पुण्य कुमार श्रेष्ठ र शेरबहादुर गुर्वाछन् निर्वाचित भए।

निर्वाचन समितिले नवनिर्वाचित कार्यसमितिका पदाधिकारी तथा सदस्यहरूलाई पद तथा गोपनियताको सपथ दिलाएको छ।

# अलपत्र आयोजना पूरा गर्ने सरकारको घोषणा

सरकारले राजनीतिक श्रेय लिने प्रतिस्पर्धाभन्दा माथि उठेर लामो समयदेखि अलपत्र परेका विकास आयोजनाहरूलाई एकदेखि तीन वर्षभित्र सम्पन्न गर्ने बताएको छ। काठमाडौँमा आयोजित कार्यक्रमहरूमा बोल्दै अर्थमन्त्री डाक्टर स्वर्णिम वाग्लेले केवल पैसा बाँडेर मात्र नभई, निजी क्षेत्रको मनोबल बढाउँदै तीव्र आर्थिक वृद्धि र रोजगारी सिर्जना गरेर मात्रै वास्तविक गरिबी निवारण हुने दाबी गरेका छन्।



नेपालमा राजनीतिक सत्ता परिवर्तन भइरहँदा पुराना योजनाहरू अलपत्र पर्ने र नयाँ सरकारले आफ्ना नीति थुपार्ने प्रवृत्ति नौलो होइन। तर, वर्तमान सरकारले भने राजनीतिक जस लिने होडबाजीभन्दा बाहिर निस्किएर थुनिएको आर्थिक सुधारको गाँठो फुकाउने दाबी गरेको छ।

काठमाडौँमा आयोजित दुई फरक कार्यक्रममा बोल्दै अर्थमन्त्री डाक्टर स्वर्णिम वाग्लेले, विक्रम संवत २०४८ सालपछि पहिलोपटक यति व्यापक दायरामा आर्थिक र नीतिगत सुधारका कार्यक्रमहरू अघि बढाइएको बताएका छन्। निजी क्षेत्रको खस्किएको आत्मविश्वास फर्काउन र देशमा सकारात्मक सन्देश प्रवाह गर्न दर्जनौँ ऐन, नियमावली र कार्यविधि परिमार्जन गर्न लागिएको उनको भनाइ छ।

विशेष गरी, हुलाकी राजमार्ग, मध्यपहाडी लोकमार्ग जस्ता लामो समयदेखि अपुरा रहेका र नेपाली जनताको अर्बौं रुपैयाँ लगानी फसिसकेका आयोजनाहरूलाई एकदेखि तीन वर्षभित्र सम्पन्न गर्ने योजना सरकारले बनाएको छ। भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयसँगको समन्वयमा यी अलपत्र योजनाहरूलाई बडो उदारतापूर्वक टुङ्ग्याउन लागिएको अर्थमन्त्री वाग्लेले उल्लेख गरे।

यसै गरी, बजेटमा गरिब र विपन्न वर्गका कार्यक्रम कटौती भएको भनी भइरहेको आलोचनाको खण्डन गर्दै अर्थमन्त्री वाग्लेले सामाजिक सुरक्षाका कुनै पनि कार्यक्रम नहटाएको स्पष्ट पारेका छन्। बरु, देशभरका तीन लाखभन्दा बढी दलित बालबालिकाका लागि पौष्टिक आहारको नयाँ कार्यक्रम थपिएको उनले बताए। यद्यपि, केवल पैसा बाँडेर मात्रै गरिबीको दीर्घकालीन समाधान नहुने र त्यसका लागि मर्यादित रोजगारी र तीव्र आर्थिक वृद्धि नै अनिवार्य सर्त रहेको अर्थमन्त्रीको तर्क छ।

अर्थमन्त्री भन्छन् “सडक पूर्वाधारमा लामो समयदेखि थाति राखिएका र कार्यान्वयन हुन नसकेका कार्यक्रमहरू, नेपाली जनताको रकम फसिसकेका आयोजनाहरूलाई टुङ्ग्याउने भनेर हामी अगाडि बढेका छौँ। राजनीतिक श्रेयको होडबाजीमा हामी लाग्नु हुन्न। अर्कोतर्फ, आजसम्म छोटो समयमा द्रुत गरिबी निवारण गरेका मुलुकहरू कसैले पनि आर्थिक वृद्धि बेगर गर्न सकेका छैनन्। बाँडेर मात्रै गर्दा चाहिँ भेनेजुएला र जिम्बावेको हालत हुन्छ भन्ने कुरा सिकेर पनि हामीले सन्तुलित ढङ्गले अगाडि बढाइरहेका छौँ।”

अर्थमन्त्रीले दाबी गरे जस्तै वितरणमुखी नीतिको साटो उत्पादन र रोजगारी बढाउने र अलपत्र विकास आयोजना पूरा गर्ने नीति आफैँमा स्वागतयोग्य देखिन्छ। तर, वर्षौंदेखि शिथिल बनेको अर्थतन्त्रलाई उकास्न कानुनी अड्चन फुकाउँदै यी महत्वाकांक्षी प्रतिबद्धताहरूलाई व्यवहारमै कत्तिको खड्को उतारिन्छ, त्यो भने आगामी दिनमा हुने कार्यान्वयनको गतिले नै तय गर्नेछ।



# साउदी रोजगारीमा अनिवार्य 'सीप प्रमाणीकरण' कार्यक्रम स्थगित




वैदेशिक रोजगार व्यवसायीहरूको तीव्र विरोधकाबीच साउदी अरब रोजगारीका लागि लागू गर्न लागिएको स्किल भेरिफिकेशन प्रोग्राम (एसभीपी) तत्कालका लागि स्थगित गरिएको छ।

एसभीपी अनिवार्य रूपमा कार्यान्वयन गर्ने तयारी गरिए पनि व्यवसायी, श्रमिक तथा सरोकारवाला पक्षबाट व्यापक विरोध भएपछि कार्यक्रम लागू गर्ने निर्णय रोकिएको हो।

साउदी अरबले नेपाली श्रमिकका लागि अनिवार्य सीप प्रमाणीकरणको व्यवस्था लागू गर्न खोजेपछि वैदेशिक रोजगार व्यवसायीहरूले यसको विरोध गर्दै आएका थिए। व्यवसायीहरूले नेपाल सरकारसँग पर्याप्त समन्वय नगरी तथा सरोकारवालासँग आवश्यक छलफल नगरी कार्यक्रम लागू गर्न खोजिएको आरोप लगाएका थिए।

एसभीपी लागू भएमा साउदी अरब जाने श्रमिकले विभिन्न पेशागत क्षेत्रमा सीप परीक्षण उत्तीर्ण गर्नुपर्ने व्यवस्था थियो। साथै, परीक्षा शुल्क र पूर्वसिकाइ मान्यता शीर्षकमा थप आर्थिक भारसमेत श्रमिकमाथि पर्ने भन्दै आलोचना भइरहेको थियो।

कार्यक्रमको उद्घाटनकै क्रममा विरोध प्रदर्शन, नाराबाजी तथा तनावपूर्ण अवस्था सिर्जना भएपछि सम्बन्धित पक्षहरूबीच थप छलफल आवश्यक रहेको निष्कर्षसहित कार्यान्वयन प्रक्रिया स्थगित गरिएको स्रोतले जनाएको छ।

वैदेशिक रोजगार व्यवसायीहरूले श्रमिकको हितविपरीत हुने कुनै पनि व्यवस्था स्वीकार्य नहुने बताउँदै सरकार, साउदी पक्ष र सम्बन्धित निकायबीच पर्याप्त परामर्शपछि मात्र यस्ता कार्यक्रम लागू गर्नुपर्ने माग गरेका छन्।

सरोकारवालाहरूले कार्यक्रमको उद्देश्य, शुल्क संरचना, कार्यान्वयन प्रक्रिया तथा कानुनी आधारबारे स्पष्टता आएपछि मात्र अगाडि बढ्नुपर्ने धारणा राखेका छन्। स्थगनसँगै अब एसभीपी कार्यक्रमको भविष्यबारे सरकार, साउदी पक्ष र वैदेशिक रोजगार क्षेत्रका प्रतिनिधिबीच थप संवाद हुने अपेक्षा गरिएको छ।

एसभीपी अनुसार साउदी अरब रोजगारीका लागि जाने नेपाली श्रमिकले सामान्य श्रम क्षेत्रका कामका लागि समेत अनिवार्य सीप परीक्षण उत्तीर्ण गर्नुपर्ने व्यवस्था गर्न लागिएको थियो। सामान लोड-अनलोड गर्ने, भरिया, ठेला चलाउने तथा निर्माण क्षेत्रमा काम गर्ने श्रमिकलाई समेत सीप परीक्षणको दायरामा समेटिएको थियो।

यस प्रक्रियाका लागि प्रत्येक श्रमिकले १०० अमेरिकी डलर (करिब १५ हजार रुपैयाँ) अतिरिक्त शुल्क तिर्नुपर्ने व्यवस्था गरिएको थियो। जसमा ५० डलर परीक्षा शुल्क र ५० डलर पूर्वसिकाइ मान्यता शीर्षकमा शुल्क निर्धारण गरिएको छ।

# वैदेशिक रोजगारीमा रहेका नेपाली श्रमिकको अनुगमन गर्न मेनपावरलाई निर्देशन

वैदेशिक रोजगार विभागले विदेशमा कार्यरत नेपाली श्रमिकहरूको अवस्था नियमित रूपमा अनुगमन गर्न वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्ने इजाजतपत्र प्राप्त संस्थाहरूलाई निर्देशन दिएको छ। विभागले जारी गरेको सूचनामा रोजगार सम्झौता अनुसार तलब, सेवा-सुविधा नपाएको, सुरक्षित आवासको व्यवस्था नभएको, सम्झौता विपरीत काम गर्न बाध्य पारिएको लगायतका गुनासाहरू आइरहेको भन्दै श्रमिकको हकहित, सुरक्षा र श्रम अधिकार संरक्षणका लागि अनुगमनलाई प्रभावकारी बनाउन निर्देशन दिएको उल्लेख छ।

निर्देशनअनुसार म्यानपावर कम्पनीहरूले आफूले वैदेशिक रोजगारीमा पठाएका प्रत्येक व्यक्ति तथा समूहका श्रमिकहरूको अवस्थाबारे नियमित अनुगमन गर्नुपर्नेछ।

त्यस्तै, प्रत्येक महिनामा हरेक समूह (लट) बाट कम्तीमा ५ देखि १० जना श्रमिकसँग प्रत्यक्ष सम्पर्क गरी रोजगार सम्झौताअनुसार तलब, सेवा-सुविधा, आवास, कार्य वातावरण तथा अन्य सर्तहरू कार्यान्वयन भए-नभएको जानकारी लिनुपर्ने व्यवस्था गरिएको छ।

सम्झौता विपरीतको अवस्था भेटिएमा सम्बन्धित म्यानपावर कम्पनीले रोजगारदाता कम्पनीसँग तत्काल समन्वय गरी समस्या समाधान गर्नुपर्ने र सोको विवरण प्रत्येक तीन महिनामा वैदेशिक रोजगार विभागको संस्था अनुगमन शाखामा उपलब्ध गराउनुपर्नेछ।

विभागले विदेश जानुअघि श्रमिकलाई रोजगार सम्झौता, सम्बन्धित देशको कानुन, सेवा-सुविधा, श्रम अधिकार र गुनासो दर्ता गर्ने प्रक्रियाबारे स्पष्ट जानकारी गराउन समेत निर्देशन दिएको छ।

विदेशमा रहेका नेपाली श्रमिक कुनै समस्यामा परेमा वा सम्झौता विपरीतको अवस्था आएमा सम्बन्धित इजाजतपत्र प्राप्त संस्थाले तत्काल सुनुवाइ गरी समाधान प्रक्रिया अघि बढाउनुपर्ने र उद्धार आवश्यक परे सम्बन्धित निकायसँग समन्वय गरी उद्धार तथा क्षतिपूर्तिको व्यवस्था गर्नुपर्ने विभागले जनाएको छ।



# राष्ट्रका गहना सम्वतलाल



● बिन्दु अधिकारी ढकाल
binduadhikari2018@gmail.com

छाप बनाउने मेसिन, कपप्रिन्ट मेसिन, हिटप्रेस मेसिन, स्टीकरकटिङ मेसिन लगायत छन् । थरिथरिका ब्रस र अन्य औजार छन् । मेसिन कम्प्युटर अप्रेटरले चलाउनु हुन्छ । उहाँलेचाहिँ सधैँ हातले लेख्नुभयो । गाउँबाट सपना बोकेर काठमाडौंमा झोला बिसाउन आइपुग्नु भो । थातथलो छोड्नुको मूल उदेश्य अवसरको खोजी थियो र त्यो प्राप्तिको लागि आर्ट (कला कौशल) तालिममा सहभागी हुनु भयो ।

सवारी साधनका प्लेटहरूमा नम्बर लेख्न, 'टोकन अफ लभ' तयार गर्न, सादा टी-सर्टमा बुट्टा वा लोगो बनाउन, ब्यानर लेख्न अहोरात्र खट्नु उहाँको पेसा, जसले रोजगार दियो । 'आर्टमा लगाव गरे पैसा हावामा उडेको छ भनाइको मतलव कमाइ राम्रो छ ।' यो बोली सिरहा, साविक ढोढना गाविस वडा नं. २ हाल लहान नपा १५, राजदेवी स्थान निवासी सम्वतलाल चौधरीको हो ।

"२०३९ सालमा मैले एसएलसी उत्तीर्ण गरेको हुँ । त्यतिखेर ९०० पूर्णाङ्कको परीक्षा हुन्थ्यो । अहिलेजस्तो मौका परीक्षाको मौका थिएन । एक वा दुई विषय फेल भए सबै विषयको जाच लेख्नु पर्थ्यो । त्यति बेला एसएलसी उत्तीर्ण गर्नु भनेको गाउँ समाजमा इज्जत नै अर्को हुन्थ्यो ।"

घरबाट स्कुल कति टाढा थियो ? मेरो यस प्रश्नमा सम्वतलाल भन्नु हुन्छ- "सवा घण्टा लाग्थ्यो । गोरेटो बाटो थियो, साइकल चल्ने बाटो बनेको थिएन र यदि भएको भए पनि हाम्रो बुवासँग साइकल खरिद्ने आर्थिक थिएन ।" बुबका स्वर्गीय सोतीलाल चौधरी र माता देवकी चौधरीको कोखबाट सामान्य परिवारमा जन्मिएका सम्वतलालले दुःख गरेर पढ्नु भयो । आफूले पनि दुई चार पैसा आर्जन गर्न पाए अभिभावकलाई घर चलाउन सकस हुने थिएन भन्ने सोचकै कारण श्रमको हुटहुटीले छोयो ।

"म एसएलसी उत्तीर्ण भइसकेपछि जागिर खान कर्णाली प्रदेश जाजरकोट जिल्ला पुगेँ । शिक्षक हुन त्यहाँ पुग्दाको अनुभव म बिर्सु कसरी ? एउटा स्कुलमा तीन जना शिक्षक कार्यरत थिए । एक जना शिक्षकले १६ घरको रासनपानी उठाएर जीविकोपार्जन गर्नुभएको रहेछ । दुई शिक्षकले १४-१४ घरको । म गएपछि त्यसैलाई चार भाग लगाउनु पर्‍यो । एउटा वडाभरिको हिसाब थियो त्यो । मैले जसोतसो नियुक्ती समर्थन गराएँ तर त्यहाँ मन अडिएन ।"

२०४५/४६ सालतिरको त्यो कुरो सुन्दा इतिहास बोलेझैँ भयो । त्यसपछि कहाँ जानु भयो ? मैले सोधेँ । "जाजरकोटबाट बाटोखर्चसम्म पाएको हुनाले दैलेख गएँ तर त्यहाँ नियुक्ति मिलेन । परेन फसाद ? अब कहाँ जाने ? के गर्ने ? म कुहिरोभित्र को कागजस्तै भएँ । सुर्खेतमा टिचरको माग थियो । साइन्स र म्याथ पढाउनु पर्ने रहेछ । मैले कक्षा लिएँ, विद्यार्थीले रुचाए ।"

मलाई लाग्यो, सरको जागिर पक्का भयो । बिनाअड्चन विद्यार्थी-शिक्षक र शिक्षक-विद्यार्थीको सम्बन्ध पुल सरह कायम भयो । "त्यहाँ प्रावि र निमाविमा दरबन्दी थियो तर प्रावि सरकारी अनुदानबाट चल्थ्यो भने निमाविमा २५ प्रतिशत घाटा खाएर काम गर्नुपर्ने अवस्था भयो । २५ प्रतिशत भनेको विद्यार्थीबाट उठ्ने 'फी' बाट शिक्षकले पाउने रकम हो तर त्यहाँ हुनुपर्ने जति विद्यार्थी, थिएनन् । जेजसरी भए पनि मैले केही समय काम गरेँ ।"

मेरो ध्यान 'सरस्वती लक्ष्मी आर्ट' लेखिएको प्लेटतिर केन्द्रित थियो । त्यता पस्नुअघि सम्वतलालले भन्नु भयो । "म छुट्टीमा घर आएको थिएँ । बिदा सकियो तर जागिरमा जान मन लागेन र गाउँमा खेती गरेँ । पशुवस्तु पालेको हुनाले मलको दुःख थिएन । समयमा पानी पर्थ्यो । मैले सपार्न नसकेको वन्दा हो । साँच्चै, त्यसले मेरो मिहिनेत चिनेन । त्यो बाहेक सबै राम्रोसँगले फलेको थियो । सप्रिएका बाला धान र गहुँ । सनपाट पनि लगाउथेँ । त्यस्तै, काउली, आलु, लसुन, प्याज, टमाटर, धनिया र मटरकोसालगायत तरकारी हुन्थ्यो । आँप, लिची, मेवालगायत फलको बगान थियो । चार पाँच कट्ठामा म एक्लैले ट्युवेल पेलेर जमिन भिजाउथेँ ।"

युवा उमेर जति बढी खट्यो, उत्पादन बढ्थ्यो । यसमा शंका भएन तर कृषि कर्ममा मात्र तीन वर्ष ? यो त धेरै चाँडै पूर्णविराम भयो । खेतीलाई मलिला हातको जरुरतले विकल्प खोज्यो । मान्छेको जीवन घरजम पनि गर्नुपर्‍यो । उहाँले आफ्नो पारिवारिक प्रशंगलाई यसरी व्याख्या गर्नुभयो- "हाम्रो बालविवाह हो । म ९/१० वर्षको थिएँ कि ? हाम्रो परम्पराअनुसार बिहे भइसकेपछि

मेरी श्रीमती जुर्मी १० वर्ष माइत बस्नु भयो। यतिबेला यो चलन हटिसक्यो, छैन।"

प्रशंग आयो 'सरस्वती लक्ष्मी आर्ट' को। समयको छालले सम्वतलाल सरलाई मधेस प्रदेशको सिराहा जिल्लाबाट काठमाडौंतर्फ प्रस्थान गरायो। अर्थात्, अवसरको खोजी गर्दै उहाँ काठमाडौं आउनु भयो र जीवनका उकाली ओराली अनि भन्ज्याङ चौतारी रङ्गसँग खेलखेल्न सुरु गर्नुभयो। त्यो समयलाई कसरी सम्झिनु भएको छ ? मैले प्रश्न गरेँ।

"ब्यानर लेख्न काठमाडौं आएर सुरु गरेँ। पहिला त धेरै राम्रो रोजगार दिएको थियो। यदि त्यो नहुँदो हो त देशको राजधानीजस्तो ठाउँमा बसेर कसरी परिवारको जिम्मेवारी पूरा गर्न सक्थेँ ? म एक्लैले नभ्याएर केही सहयोगी राखेर काम गर्थें। दुःख गरेर छोराछोरी पढाएँ। उनीहरूको प्राथमिक शिक्षा राम्रो थियो। त्यही भएर माध्यमिक र कलेज पनि राम्रो भयो। हाम्रा दुई छोरी जर्मनी छन्। तीन भाइ छोराहरूमा माइलो छोरो मात्र नेपालमा छ। ऊ देशबाहिर जान मन गर्दैन।"

छोराछोरी विदेश रहेछन्, त्यता घुमेर आउनु भयो कि ? मैले सोधेँ। "दुईपल्ट अप्लाई गरेको हो तर भिसा दिएन। यसकारण छोराछोरीको केकसो छ, हेर्न पाएनौं। हामीजस्ता साना भुइँमान्छेले कतै पनि अवसर नपाइने रहेछ। काठमाडौंमा घरघडेरी अनि बैंकमा लाखौंलाख नगद छैन। ठुलो प्रपटी नदेखिएको अप्लाइलाई एम्वेसीले वास्तै गरेन।"

भौगोलिक हिसाबले नेपाल सुन्दर, शान्त र विशाल देश हो। नदेखिएको स्वर्गभन्दा देखिएको धर्तीको यो माटो यहाँको बाटो प्राणभन्दा प्यारो लाग्छ। आमाको काखबाट अलग भएका सन्तानले विदेशबारे के भन्छन् ? "उही कुरो देश स्वर्गभन्दा सुन्दर छ तर गरिखान भने यहाँ असाध्यै चर्को र कठिन छ। जुन स्थिति मैले मेरो जीवनको सुरुवातबाट भोगेँ र अझैं भोग्दै छु। विदेशमा हरेक कुराको सिस्टम छ। भन्छन्, काममा चै मेशिन जसरी खट्नु पर्छ। सायद, हाम्रा छोराछोरीले भोगेकै कुरो गरेका हुन्। त्यहाँ रोजगारमा छन्। उनीहरूको निर्वाहको लागि समयमै पारिश्रमिक आउछ।"

समयको परिवर्तनले डिजिटल युग आयो। प्रविधिको असर कति भोगिरहनु भएको छ ? विकल्पमा कुनै योजना छ कि ? "हामी लेखाइमा निर्भर थियौं तर अहिले लेखाइको काम छ भन्नु कि छैन ? प्रविधिलाई अङ्गाल्न नसक्दा हाम्रो व्यवसाय 'तातो दूध निल्नु न ओकल्नु' जस्तो भयो। हुन त किसानलाई पनि पीडा छ। भनौं, पीडाबिनाको क्षेत्र सायदै सामान्य हुन्।

"

जोखिमबिनाको काम हुँदैन । गर्दै जाँदा कति ठाउँबाट सकारात्मक आर्जन हुन्छ भने कतिबाट नकारात्मक । प्लस माइनसबीचको संघर्ष नै जीवन हो । आफ्नो पेसाप्रति वफादार र मिहिनेती त हुनुहुन्छ नै सम्वतलाल सर साथै समाज सेवाको मार्गमा पनि उहाँको चासो चिन्ता र अतुलनिय योगदान छ ।

"अरु त अरु ब्यानरको मसी कतिबेला सुक्ला भनेर पर्खिनै परेन। काठमाडौं उपत्यकाभित्र नगरपालिकाले दिएन। वातावरणीय हिसाबले बेठीक भनेपछि, मानियो। जलवायु परिवर्तन विश्वको साझा समस्या हो। यसमा हातेमालो गर्नैपर्छ तर डिजिटल फ्लेक्सबाट हुने नकारात्मक असरलाई नगरपालिकाले किन मनन गर्दैन ? ठाउँठाउँमा सिनेमा भैँ विज्ञापन सवारी चालकको आँखा अगाडि नाचेपछि के हुन्छ ?" कस्तो जायज प्रशंग उठाउनु भयो, सम्वतलाल सरले।

जोखिमबिनाको काम हुँदैन। गर्दै जाँदा कति ठाउँबाट सकारात्मक आर्जन हुन्छ भने



होला। मान्छे रहरले नभएर बाध्यताले पलायन छन्। यहाँ गरिखान सहज वातावरण छैन। विगत लामो समय राजनीतिक उथलपुथलले अस्थिर सरकार थियो। अब केही सहज हुन्छ कि ? भन्ने आशा हो तर लडाउने र भत्काउने काम मात्र अगाडि छ।"

बानेश्वर, कोटेश्वर, भिजन एकेडेमी, कश्मिक र सिद्धार्थलगायत (स्कुल कलेज)हरूको प्रचारप्रसारमा प्रयोग गरिने कपडाका ती ब्यानर टाँग्न ठाउँ थियो। मिलेको लम्बाई र त्यही अनुसारको चौडा सेतो कपडामा डिजाइन गरेर उतारिएका राता अक्षर परैबाट आँखामा पर्थे, देखिन्थ्यो तर अब कलात्मक त्यो लेखाइ इतिहास जत्तिकै भयो। पैसा फल्ने काम नभएपछि अरु त

कतिबाट नकारात्मक। प्लस माइनसबीचको संघर्ष नै जीवन हो। आफ्नो घरव्यवहारलाई अघि बढाउन ऋण वा साटपी बैंक वा सहकारी कताबाट सहज भयो ? मैले सरलाई आर्थिक पाटोतिर लगेँ। "म्याम, मैले धेरै कारोबार सहकारीबाट गरेँ। सानोतिनो घाटा खप्नु पर्‍यो। मान्छेको लाखलाख डुबेको ठाउँमा रुपियाँ र सयको कुरो नगर्दै ठीक। अचम्म चै आफैँले जम्मा गरेको रकम भिक्न नदिने। कतिले चै कलेक्सन गर्ने तर कम्प्युटरमा इन्ट्री नगर्ने। अनि, समूह भन्ने पनि त्यस्तै रहेछ। भेटेसम्म अरुको लुट्ने, ढुकुटीको सौता !"

"सरस्वती लक्ष्मी आर्ट सञ्चानल गरेवापत मैले वडा र करमा छुट्टाछुट्टै

रकम तिर्नुपर्छ । सरकार हाम्रो स्रोतबाट चल्छ तै पनि पीडित छौँ किनभने देशमा एउटै नियम कानुन हुनुपर्नेमा त्यो छैन । अडिटरको कार्यशैलीबाट थाहा पाएको छु, यहाँ लगानीकर्ताले पनि मजदुरलाई नै भार बोकाउछन् । १५ प्रतिशतसम्म ट्याक्स काट्छन् । कोही प्यान भएकासँग कारोबार नै नगर्ने भन्छन् । दराज, र्‍याक, कम्प्युटर, कुर्सी टेवललगायत सामानको कोडिङको काम गर्नुपर्ने हुन्छ । ग्रामर स्कुल/कलेज र सुयोग्य वचत तथा ऋण सहकारीमा त्यो काम म गर्छु । मैले समयमा काम सम्पन्न गरिदिएपछि उहाँहरूले पनि उसरी नै मेरो समस्या बुझिदिनु पर्छ, कि हैन ?"

अवश्य पनि एउटा बिल बनिसकेपछि अर्को बनाउन असजिलो पर्छ । सिद्धार्थ कलेजबाट पनि पीडा भोग्नु परेको गुनासो गर्नुहुन्छ, सम्वतलाल सर । उहाँको भनाइअनुसार कतिपयले स्वयंले बोलेको बोलीसम्म पुऱ्याउनु हुन्न । काम सानो ठुलो हुन्छ तर ठुलो कामको महत्व जति हुन्छ, सानो काम त्यो भन्दा अभरको नहोला भन्न सकिन्न । रङ्गसँग खेल्ने मानिसले रङ्ग किन्नु पऱ्यो, कपडा सिलाउनु पऱ्यो, त्यो सिलाउनेलाई ज्याला चाहियो । बासको भाटा । साधारण हो, भन्न र सुन्न तर त्यही भाटा नभइ कामको मेलो सर्दैन ।

चौधरी सर समाज सेवामा पनि उत्तिकै सक्रिय हुनुहुन्छ । २०५७ साल चैत २० गतेको दिन 'भलुवाही खोला जलाधार संरक्षण सामुदायिक पोखरी' सिराहाको निमार्ण कार्यको अध्यक्षता गर्नुभएको थियो । त्यस्तै, 'राजदेवी पंचावती मन्दिर' निमार्णमा पनि उहाँकै अध्यक्षता रह्यो । त्यसो त 'गाउँफर्क राष्ट्रिय अभियान !'लाई पनि आफू अघि लगाएर हिँड्नु भएको छ । अर्को, थारु कलाकार समाज नेपाल, काठमाडौं उपत्यका कार्यसमिति- कोषाध्यक्ष हुनुहुन्छ । 'बासमैत माइफ थारु खाँ खमान वंशावली' लेखनमा पनि अध्यक्षकै जिम्मेवारी छ । पितृ उद्धारको लागि मन्दिर (देउता घर)को शिलान्यास पश्चात् निमार्ण कार्य हुँदै छ ।

'सरस्वती लक्ष्मी आर्ट' सटरको भाडा दश हजार रहेछ । "कोठा भाडा अलग्गै छ । ट्याङ्करको पानी किन्नु पऱ्यो भने महिनामा तीन हजार पर्छ । तपाईले अघि 'लेखाइको विकल्पमा केही सोच्नु भएको छ कि ?' यो प्रश्न सोध्नु भएको थियो, हैन ? मेरो अपेक्षा माइलो छोरो 'वल्लो घाट न पल्लो तिर' नहोस्, बरु मलाई ध्यान दिए राम्रो हुन्छ भन्छु, भनिरहेको छु तर सबै कुरो सोचेजस्तो नहँदो रहेछ । म आफ्नै तरिकाले अघि बढ्ने मान्छे हुनाले यो उमेरमा सिकाइ केन्द्रमै गएर कम्प्युटर सिक्दै छु । बाँकी कुरा समयले बताउछ नै । परम्परागत आर्टमा प्रयोग हुने प्रिन्टर यत्तिकै थन्किएको छ ।"

त्यसो त जीवन सधैँ निरास मात्र हुँदैन । उत्कृष्ट कारोबार गरे बापतको सुगन्ध 'सुयोग्य वचत तथा ऋण सहकारी संस्था'बाट नगदसहित सम्मान पत्र प्राप्त गर्नुभएको छ । त्यस्तै, अरु संस्थाले पनि सम्मान र कदर गरेका छन् । यो सुन्दर संसारमा मानव चोला रहेसम्म कहिले नाफा त कहिले घाटा घामपानी झैँ भइरहन्छ । गाउँफर्क राष्ट्रिय अभियानका अभियन्ता सम्वतलाल सरलाई अन्त्यमा मैले सोधेँ, आजकाल गाउँ कत्तिको जानु हुन्छ ? "यता त्यति काम नहुनाले म गाउँ गइरहेको हुन्छु ।"

आफ्नो पेसाप्रति वफादार र मिहिनेती त हुनुहुन्छ नै सम्वतलाल सर साथै समाज सेवाको मार्गमा पनि उहाँको चासो चिन्ता र अतुलनिय योगदान छ । राष्ट्रले कर्मशील यस्ता नागरिकलाई पहिचानसहित चिनोस् । यहाँ सफलता उसलाई मिल्छ, जो हारसँग पनि उत्तिकै सकारात्मक हुन्छ । कर्णाली प्रदेशमा शिक्षक हुन पुग्दादेखि विज्ञान र प्रविधिको यो समयसम्म आइपुग्दा समेत उहाँभित्रको उर्जा भण्डार घटेको छैन । हाम्रो कामना शताब्दीसम्म चौधरी सरभित्र यो सक्रियता रही रहोस् !



# एनआरएन नागरिकता कार्यान्वयनमा गम्भीर चुनौती

## एकीकृत कानुन र संविधान संशोधन अपरिहार्य

गैरआवासीय नेपाली संघ (एनआरएनए) द्वारा सञ्चालन गरिएको वेबिनार शृंखलाको पहिलो कार्यक्रम “नागरिकताको निरन्तरता र एनआरएन नागरिकताको वर्तमान अवस्था” विषयमा सम्पन्न भएको छ।

गैरआवासीय नेपाली संघ (एनआरएनए) को अन्तर्राष्ट्रिय समन्वय परिषद्को आयोजना तथा नागरिकता निरन्तरता कार्यदलको समन्वयमा २१ जुन २०२६ मा आयोजित उक्त वेबिनारमा विश्वभरका राष्ट्रिय समन्वय परिषद्का प्रतिनिधि, पत्रकार, कानुनविद्, सामाजिक अभियन्ता तथा सरोकारवालाहरूको उल्लेखनीय सहभागिता रहेको थियो।

वेबिनारले दुई दशकभन्दा बढी संघर्षपछि प्राप्त भएको एनआरएन नागरिकता ऐतिहासिक उपलब्धि भए पनि यसको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक कानुनी, प्रशासनिक तथा नीतिगत सुधार अझै अधुरो रहेको निष्कर्ष निकालेको छ। सहभागीहरूले हालको अवस्थामा एनआरएन नागरिकता व्यवहारिक रूपमा पूर्ण रूपमा कार्यान्वयन हुन नसकेको, विभिन्न ऐन, नियम तथा प्रक्रियागत अस्पष्टताका कारण हजारौं गैरआवासीय नेपालीहरू आफ्ना अधिकार प्रयोग गर्नबाट वञ्चित भएको धारणा व्यक्त गरेका छन्।

कार्यक्रमको अध्यक्षता गर्दै एनआरएनए अन्तर्राष्ट्रिय समन्वय परिषद्की उपाध्यक्ष तथा नागरिकता निरन्तरता टास्क फोर्सकी संयोजक रोजिना प्रधान राईले एनआरएन नागरिकता केवल कानुनी दस्तावेज मात्र नभई विश्वभर छरिएर रहेका नेपालीहरूको पहिचान, भावना र मातृभूमिसँगको सम्बन्धको प्रतीक भएको बताइन्। उनले २० वर्षभन्दा लामो संघर्षपछि नागरिकताको व्यवस्था भए पनि आवश्यक कानुनी तथा प्रशासनिक संरचना तयार नहुँदा यसको कार्यान्वयन अपेक्षित स्तरमा पुग्न नसकेको उल्लेख गरिन्।

एनआरएनएका संस्थापक अध्यक्ष डा. उपेन्द्र महतोले “एकपटकको नेपाली, सधैंको नेपाली” भन्ने अवधारणालाई व्यवहारमा उतार्न राजनीतिक नेतृत्व, सरकार र सम्पूर्ण गैरआवासीय नेपाली समुदाय एकताबद्ध



“

हालको अवस्थामा एनआरएन नागरिकता व्यवहारिक रूपमा पूर्ण रूपमा कार्यान्वयन हुन नसकेको, विभिन्न ऐन, नियम तथा प्रक्रियागत अस्पष्टताका कारण हजारौं गैरआवासीय नेपालीहरू आफ्ना अधिकार प्रयोग गर्नबाट वञ्चित भएका छन् ।

हुनुपर्ने बताए। उनले २३ वर्षदेखि उठाइँदै आएको मुद्दा अझै पूर्ण कार्यान्वयनमा नपुग्नु दुःखद भएको उल्लेख गर्दै वर्तमान सरकारले यस विषयलाई प्राथमिकताका साथ समाधान गर्न सक्ने विश्वास व्यक्त गरे।

एनआरएनए अध्यक्ष डा. हेमराज शर्माले नागरिकता निरन्तरता सम्बन्धी हालसम्म भएका प्रगति, सरकारसँगको संवाद तथा संघले अघि सारेको “थ्री-स्टेज सोलुसन” (तीन चरणीय समाधान) प्रस्तुत गरे। उनले एनआरएनएले सरकारसमक्ष राखेका अधिकांश सुझावहरू समेटेर गैरआवासीय नेपाली सम्बन्धी एकीकृत ऐनको मस्यौदा तयार भएको जानकारी दिँदै यसको शीघ्र पारित हुनु आवश्यक रहेको बताए। उनले भने, ‘हालको अवस्थामा एनआरएन नागरिकता प्राप्त भएपनि सम्बन्धित ऐनहरू संशोधन नभएसम्म बैंकिङ, मालपोत, राष्ट्रिय परिचयपत्र, लगानी, उत्तराधिकार, अध्यागमन तथा अन्य अधिकारहरूको पूर्ण उपयोग सम्भव छैन। त्यसैले एनआरएन नागरिकतालाई व्यवहारिक र प्रभावकारी बनाउन एकीकृत कानुन, आवश्यक ऐन संशोधन तथा संवैधानिक सुधार अपरिहार्य छ।’

महासचिव डा. चिरञ्जीवी खड्काले सरकारसँग निरन्तर संवाद जारी रहेको बताउँदै नागरिकता, लगानी, आर्थिक सहभागिता र नेपाली डायस्पोराका अधिकारहरूलाई समान प्राथमिकताका साथ अगाडि बढाइरहेको जानकारी दिए। उनले विश्वभर रहेका गैरआवासीय नेपालीहरूलाई एकीकृत आवाजका साथ नागरिकता कार्यान्वयन र कानुनी सुधारका लागि पहल गर्न आह्वान गरे।

नागरिकता निरन्तरता कार्यदलका फोकल पर्सन सरोज दाहालले परराष्ट्र मन्त्रालय तथा अन्य सरकारी निकायहरूसँग भइरहेको समन्वय, हालसम्मका उपलब्धि र आगामी प्रक्रियाबारे जानकारी गराए। उनका

अनुसार एनआरएनएका करिब ९९ प्रतिशत सुझावहरू सम्बन्धित मस्यौदामा समेटिएका छन् र यदि सरकारले प्राथमिकताका साथ प्रक्रिया अघि बढाए आगामी केही महिना निर्णायक हुन सक्छन् ।

वेबिनारमा अमेरिका, बेलायत, क्यानडा, हङकङ, जापान लगायत विभिन्न देशका प्रतिनिधिहरूले एनआरएन कार्ड, नागरिकता निरन्तरता, एल्इ कार्ड, वंशजको नागरिकता, नेपाली पासपोर्ट, अध्यागमन व्यवस्था तथा हालै देखिएका प्रशासनिक जटिलताबारे प्रश्न तथा सुझावहरू प्रस्तुत गरेका थिए ।

सहभागीहरूले नागरिकता प्राप्त भए पनि व्यवहारिक रूपमा मालपोत, अध्यागमन र अन्य सरकारी निकायमा अझै पर्याप्त मान्यता र स्पष्टता अभाव रहेको विषय उठाएका थिए ।

कार्यक्रमका सञ्चालक तथा एनआरएनए उपमहासचिव बेदराज बस्नेत ले २०२५-२०२७ कार्यकालको कार्यसमितिले गैरआवासीय नेपालीहरूको साझा सरोकारका विषयमा नियमित रूपमा यस्ता वेबिनार सञ्चालन गर्दै जानकारी, संवाद र नीति पैरवीलाई अझ प्रभावकारी बनाउने जानकारी दिए ।

वेबिनारको अन्त्यमा नागरिकता निरन्तरतालाई व्यवहारिक, प्रभावकारी र विश्वभरका गैरआवासीय नेपालीमैत्री बनाउन नेपाल सरकार, राजनीतिक नेतृत्व, संसद, सम्बन्धित मन्त्रालयहरू तथा सम्पूर्ण नेपाली डायस्पोराबीच सहकार्यलाई अझ सुदृढ बनाउने सामूहिक प्रतिबद्धता व्यक्त गरिएको थियो ।

**नीति सुधारका सम्भावनाबारे सरोकारवालाबीच विस्तृत छलफल**

मुलुकको शासकीय प्रणाली, दिगो आर्थिक विकास तथा प्रमाणमा आधारित नीति निर्माणमा सहयोग पुऱ्याउने उद्देश्यले गैरआवासीय नेपाली संघ, अवकाश प्राप्त राष्ट्रसेवक, निजी क्षेत्रका विज्ञ तथा सरोकारवालाबीच विशेष मस्तिष्क मन्थन कार्यक्रम सम्पन्न भएको छ ।

बालुवाटारस्थित एनआरएनए सचिवालयमा आयोजित कार्यक्रममा मुलुकमा देखिएका नीतिगत अन्तर पहिचान गर्दै दीर्घकालीन नीति सुधारका सम्भावनाबारे विस्तृत छलफल गरिएको थियो । कार्यक्रममा बहुविधागत र समसामयिक विषयमा अध्ययन, अनुसन्धान तथा नीति पैरवीका लागि अनुभवी, दक्ष र प्राज्ञिक क्षमता भएका विज्ञहरूको प्रभावकारी उपयोग गर्न सक्षम संयन्त्र आवश्यक रहेको




निष्कर्ष निकालिएको हो ।

छलफलमा गैरआवासीय नेपाली, नेपालका प्राज्ञिक विद्वान, सेवानिवृत्त राष्ट्रसेवक, सफल उद्यमी-व्यवसायी, पत्रकार, कानुन व्यवसायी तथा अनुसन्धानकर्ताबीच सहकार्य विस्तार गर्दै नीति निर्माणमा संस्थागत योगदान बढाउनुपर्ने धारणा राखिएको थियो ।

कार्यक्रममा नेपालको दीर्घकालीन तथा समावेशी आर्थिक विकासका लागि संरचनागत रूपान्तरण केन्द्रित आर्थिक नीतिहरू तर्जुमा र कार्यान्वयनमा जोड दिइएको थियो । उत्पादन तथा उत्पादकत्व वृद्धि, औद्योगिकीकरण, डिजिटल अर्थतन्त्र, हरित अर्थतन्त्र, रोजगारी सिर्जना तथा सार्वजनिक-निजी-सहकारी साझेदारीलाई सुदृढ बनाउने नीति निर्माणमा विशेष ध्यान दिनुपर्ने सहभागीहरूको भनाइ थियो ।

"एक पटकको नेपाली, सधैंको नेपाली" भन्ने अवधारणालाई आत्मसात गर्दै विश्वभर रहेका गैरआवासीय नेपालीहरूको ज्ञान, सीप र पुँजीलाई नेपालको समृद्धि र विकासमा प्रभावकारी रूपमा परिचालन गर्न आवश्यक कानुनी तथा नीतिगत ढाँचा निर्माणमा सहकार्य गर्ने विषयमा पनि छलफल भएको थियो । संविधानले व्यवस्था गरेअनुसार गैरआवासीय नेपालीहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सुनिश्चित गर्न आवश्यक कानुनी प्रबन्धबारे समेत सहभागीहरूले धारणा राखेका थिए ।

कार्यक्रममा नेपाली विज्ञहरूको अन्तर्राष्ट्रिय अनुभव र ज्ञानलाई नेपालमा नीति निर्माण तथा विकास प्रक्रियामा संस्थागत रूपमा उपयोग गर्नुपर्नेमा जोड दिइएको थियो । निजी क्षेत्र, शैक्षिक संस्था तथा विदेशस्थित नेपाली विशेषज्ञबीच समन्वय गर्दै नीति संवाद, अनुसन्धान र रणनीतिक सुझाव तयार गर्ने साझा प्लेटफर्म निर्माण गर्नुपर्ने निष्कर्ष निकालिएको थियो ।

कार्यक्रममा गैरआवासीय नेपाली संघका अध्यक्ष डा. हेमराज शर्मा, निवर्तमान अध्यक्ष डा. बद्री केसी, महासचिव डा. चिरञ्जीवी खड्का, उपमहासचिव दिनेश कुमार घिमिरे, कोषाध्यक्ष कृष्ण तिमल्सिना लगायतले आफ्नो धारणा राखेका थिए । साथै, अन्य पदाधिकारी तथा सरोकारवालाहरू पनि अनलाइनमार्फत कार्यक्रममा जोडिएका थिए ।

यस्तै कार्यक्रममा पूर्व मुख्य सचिवहरू एकनारायण अर्याल र शंकर बैरागी, पूर्व सचिवहरू शिशिरकुमार ढुङ्गाना, प्रेम कँडेल, रामप्रसाद घिमिरे, धनराज ज्ञवाली, फणिन्द्र गौतम र मणिलाम गेलाँलको उपस्थिति रहेको थियो ।

यसैगरी सशस्त्र प्रहरीका अवकाशप्राप्त महानिरीक्षक राजु अर्याल, नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष अञ्जन श्रेष्ठ, नेपाल उद्योग परिसंघका अध्यक्ष वीरेन्द्रराज पाण्डे, नेपाल उद्योग वाणिज्य संघका उपाध्यक्ष दीपक श्रेष्ठ, साथै नेपाल पर्यटन बोर्डका पूर्व प्रमुख कार्यकारी अधिकृत दीपकराज जोशी, नेपाल दूरसञ्चार प्राधिकरणका पूर्व वरिष्ठ निर्देशक आनन्दराज खनाल, जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनीकी पूर्व महाप्रबन्धक संगिता यादव, बिजनेस डेभलपमेन्ट एशोसिएट्स (बीडीए) का कार्यकारी अधिकृत इन्जिनियर सुदिप पौडेल एवं स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान)का अध्यक्ष गणेश कार्की, सल्लाहकार पूर्णलाल श्रेष्ठको पनि उपस्थिति रहेको थियो ।

# सगरमाथा दिवसमा ओमानमा ‘शान्ति पदयात्रा’

ओमानस्थित नेपाली राजदूतावासले सगरमाथा दिवसका अवसरमा राजधानी मस्कटको कुरुम समुद्र तटमा शान्ति पदयात्रा तथा समुद्र किनार सरसफाइ कार्यक्रम आयोजना गरेको छ।

कार्यक्रममा गैरआवासीय नेपाली सोसल क्लब, विभिन्न नेपाली संघसंस्थाका प्रतिनिधि तथा नेपाली र विदेशी नागरिकको सहभागिता रहेको दूतावासले जनाएको छ।

त्यस अवसरमा ओमानका लागि नेपाली राजदूत डोरनाथ अर्यालले यस्ता गतिविधिले नेपाली समुदायबीच एकता र सद्भाव अभिवृद्धि गर्नुका साथै ओमानमा नेपाली समुदायको सकारात्मक



छवि निर्माण गर्न सहयोग पुग्ने बताए। सगरमाथा र गणतन्त्र दिवस एकै दिन परेकाले राजदूतावासमा नेपालको राष्ट्रिय झण्डा फहराइएको थियो। यसै अवसरमा दूतावासमा ई-संग्रालय स्थापना गरिएको छ। संग्रालयमा नेपाल-ओमान द्विपक्षीय सम्बन्धसँग सम्बन्धित ऐतिहासिक दस्तावेज राखिएका छन्।


तालिम तथा भाषासहित जापान रोजगारीमा पठाउने विश्वासिलो मेनपावर








OXON International Pvt.Ltd. Kathmandu,Nepal

अक्सन इन्टरनेशनल प्रा.लि.

नयाँ बानेश्वर, काठमाडौं

## हङकङमा एभरेष्ट दिवस :

# ‘एभरेष्ट रेस्टुरेन्ट’ उत्कृष्ट मोमोको उपाधिबाट सम्मानित




गैरआवासीय नेपाली संघ (एनआरएनए) हङकङ र नेपाल महावाणिज्य दूतावास, हङकङको संयुक्त आयोजनामा ७३ औं अन्तर्राष्ट्रिय एभरेष्ट दिवसको अवसरमा ‘एभरेष्ट मोमो फेस्ट २०२६’ भव्य रूपमा सम्पन्न भएको छ।

हङकङस्थित एभरेष्ट रेस्टुरेन्ट एण्ड बारमा आयोजित कार्यक्रममा नेपाली समुदायका अगुवा, कूटनीतिक प्रतिनिधि, हङकङ सरकारका अधिकारी, व्यवसायी तथा विभिन्न संघसंस्थाका प्रतिनिधि, विदेशी पाहुनाहरूको उल्लेखनीय सहभागिता रहेको थियो। सन् १९५३ मा तेन्जिङ नोर्गे शेर्पा र सर एडमन्ड हिलारीले पहिलो पटक सफलतापूर्वक सगरमाथा आरोहण गरेको ऐतिहासिक दिनको स्मरणमा मनाइने अन्तर्राष्ट्रिय एभरेष्ट दिवसलाई यस वर्ष नेपाली खानाको माध्यमबाट सांस्कृतिक तथा आर्थिक प्रवर्द्धनसँग जोडिएको थियो। परम्परागत औपचारिक कार्यक्रमभन्दा फरक ढंगले आयोजना गरिएको यस उत्सवले नेपाली समुदाय र हङकङको स्थानीय समाजबीचको सम्बन्धलाई थप प्रगाढ बनाउन महत्वपूर्ण भूमिका खेलेको आयोजकले जनाएको छ।

कार्यक्रमको मुख्य आकर्षणका रूपमा आयोजना गरिएको ‘बेस्ट मोमो इन एचके २०२६’ प्रतिस्पर्धामा सातवटा प्रमुख नेपाली रेस्टुरेन्ट सहभागी भएका थिए। प्रत्यक्ष स्वाद परीक्षणमा सहभागी २०० जनाको मतदानका आधारमा ४.१ औसत अंक प्राप्त गर्दै एभरेष्ट रेस्टुरेन्ट एण्ड बारले उत्कृष्ट मोमोको उपाधि जित्न सफल भयो। उक्त प्रतिस्पर्धा हङकङमा रहेका नेपाली साना तथा मझौला व्यवसायहरूको प्रवर्द्धन गर्ने उद्देश्यले आयोजना गरिएको थियो। सहभागीहरूले विभिन्न नेपाली रेस्टुरेन्टका परिकारको स्वाद चाख्दै नेपाली पाककलाको विविधता र गुणस्तरलाई नजिकबाट अनुभव गरेका थिए।

यस अवसरमा ‘एभरेष्ट विशेष संस्करण I’ नामक स्मारिका पत्रिकाको औपचारिक विमोचन पनि गरिएको थियो। उक्त प्रकाशनमा सगरमाथाको इतिहास, अग्रज आरोहीहरूको योगदान, नेपाली पर्वतारोहणको गौरवपूर्ण यात्रा तथा नेपाल र हङकङबीचको सम्बन्धका विविध आयामहरू समेटिएका छन्।

कार्यक्रमअन्तर्गत ‘च्याम्पियनको मानसिकता’ विषयमा प्रेरणादायी प्यानल छलफल समेत आयोजना गरिएको थियो। एरिका पुनद्वारा सञ्चालन गरिएको उक्त सत्रमा एनआरएनए हङकङकी महिला संयोजक सत्यवती घतराजले सहजीकरण गरेकी थिइन्। प्यानलमा सगरमाथा आरोही अन्जला राई र निमा दोर्ची शेर्पाले विश्वकै सर्वोच्च शिखर आरोहणका क्रममा भोगेका चुनौती, जोखिम, साहस, अनुशासन र मानसिक दृढताका अनुभवहरू सहभागीहरूसँग साझा गरेका थिए।

एनआरएनए हङकङकी अध्यक्ष अनु राईले सगरमाथा नेपालको मात्र नभई सम्पूर्ण मानव सभ्यताको साहस, सङ्कल्प र सफलताको प्रतीक भएको बताइन्।

उनले भनिन्, “एभरेष्ट दिवस मनाउनु भनेको केवल इतिहास सम्झिनु मात्र होइन, नेपाली पहिचान, संस्कृति र हाम्रो सामूहिक गौरवलाई विश्वसामु प्रस्तुत गर्नु पनि हो। मोमो फेस्टमार्फत हामीले नेपाली खानाको स्वादसँगै नेपालको संस्कृति र आतिथ्यतालाई हङकङको बहुसांस्कृतिक समाजसम्म पुऱ्याउने प्रयास गरेका छौं। यस्ता कार्यक्रमले समुदायलाई एकताबद्ध बनाउनुका साथै नेपाली व्यवसायलाई समेत प्रवर्द्धन गर्छन्।”

नेपाली महावाणिज्य दूतावास हङकङका कार्यवाहक महावाणिज्यदूत सतिश गुरुङले सगरमाथाले विश्वभर नेपालको पहिचान स्थापित गरेको उल्लेख गर्दै विदेशमा रहेका नेपालीहरूले आफ्नो भाषा, संस्कृति र परम्पराको संरक्षण तथा प्रवर्द्धनमा खेलेको भूमिकाको प्रशंसा गरे।

एनआरएनए अन्तर्राष्ट्रिय समन्वय परिषद्की महिला उपाध्यक्ष राधिका गुरुङ (टिका)ले सगरमाथाले नेपालीहरूको साहस, आत्मविश्वास र संघर्षशीलताको प्रतिनिधित्व गर्ने बताइन्। उनले भनिन्, “विश्वका विभिन्न देशमा रहेका नेपालीहरूलाई एउटै भावनात्मक सूत्रमा बाँध्ने शक्ति हाम्रो संस्कृति र साझा पहिचानमा निहित छ। एभरेष्ट दिवस जस्ता कार्यक्रमले नयाँ पुस्तालाई आफ्नो जरा र इतिहाससँग जोड्ने अवसर प्रदान गर्छन्। नेपाली महिलाहरूको नेतृत्व र सहभागिता बढ्दै जानु समुदायका लागि थप उत्साहजनक विषय हो।”

एनआरएनए हङकङका महासचिव इन्द्र पुर्जा पुनले एभरेष्ट दिवस केवल हिमालको उत्सव नभई समुदाय, सहकार्य र पहिचानको उत्सव भएको बताए। उनले भने, “आज हामीले सगरमाथाको गौरवलाई नेपाली स्वाद, साहित्य र प्रेरणादायी अनुभवहरूसँग जोडेर मनाएका छौं। हाम्रो सबैभन्दा प्रिय परिकार मोमोमार्फत हामीले हङकङमा हिमालयको वास्तविक स्वाद प्रस्तुत गरेका छौं। यसले नेपाली समुदायबीचको एकतालाई बलियो बनाउनुका साथै नेपाली व्यवसायको प्रवर्द्धनमा समेत टेवा पुऱ्याएको छ।”

कार्यक्रममा कार्यवाहक महावाणिज्यदूत सतिश गुरुङ, हङकङ विधान परिषद्का सदस्य भिन्सेन्ट चेङ, याउ चिम मोङ जिल्ला परिषद्का सदस्यहरू, एनआरएनए अन्तर्राष्ट्रिय समन्वय परिषद्का पदाधिकारीहरू तथा हङकङस्थित एक दर्जनभन्दा बढी नेपाली संघसंस्थाका प्रमुखहरूको सहभागिता रहेको थियो। एनआरएनए हङकङले कार्यक्रम सफल बनाउन सहयोग गर्ने सम्पूर्ण अतिथि, प्रायोजक, संघसंस्था, स्वयंसेवक तथा सहभागी रेस्टुरेन्टहरूप्रति हार्दिक आभार व्यक्त गरेको छ।

# शेष घलेले निर्माण गरिरहेको होटल र 'द लक्जरी कलेक्सन होटल'बीच सम्झौता



नेपाली मूलका अस्ट्रेलियन व्यवसायी शेष घलेले काठमाडौंको केशरमहलमा निर्माण गरिरहेको होटलले अन्तर्राष्ट्रिय स्तरको सबैभन्दा लक्जरी ब्राण्ड 'द लक्जरी कलेक्सन'सँग सम्झौता गरेको छ।

गैरआवासीय नेपाली संघका पूर्वअध्यक्ष घलेले निर्माण गरिरहेको होटलको व्यवस्थापनमा म्यारियटअन्तर्गतको लक्जरी होटल 'द लक्जरी कलेक्सन होटल' ल्याउने गरी म्यारियट इन्टरनेसनलका अध्यक्ष डेभिड म्यारियटको उपस्थितिमा सम्झौता भएको हो।

१२ वर्षअघिबाट केशरमहलमा निर्माण भइरहेको उक्त होटल परिसरमा घलेले अध्यक्ष डेभिड म्यारियटलाई स्वागत गरेका थिए। उनले होटलको भ्रमण गर्दै नयाँ रुपमा अघि बढ्ने प्रतिवद्धता पनि जनाएका छन्। होटल २०२६ को अक्टोबरदेखि सञ्चालनमा आउने जनाइएको छ।

घलेले यसअघि नेपालमा हालसम्मकै सबैभन्दा लक्जरी ब्राण्ड ल्याएर नेपालमा महँगा पर्यटकलाई ल्याउने घोषणा गरेका थिए। सबैभन्दा लक्जरी ब्राण्ड ल्याएर धेरैभन्दा धेरै खर्चालु पर्यटक नेपालमा ल्याउने चाहनाअनुसार म्यारियटको द लक्जरीसँग सम्झौता गरिएको घलेले बताए।

निर्माणधीन होटलमा यसअघि म्यारियटअन्तर्गतकै सेराटन ल्याउने गरी सम्झौता भएको थियो। तर, निर्माण अवधि लम्बिएको भन्दै सेराटन बीचमै फर्किएको थियो। १३ रोपनी क्षेत्रफलमा निर्माण भएको होटल विभिन्न कारणले ढिलाई हुँदा लगानीसमेत बढेको जनाइएको छ।

२२५ वटा कोठा रहने होटल बेसमेन्टबाहेक १७ तलाको रहेको छ। होटलमा दुई हजार जना अट्ने क्षमताको बैक्युट हल, दुई वटा सभाहल, तीन वटा बैठक हल, चार वटा रेस्टुरेन्ट, फिटनेस क्लब, स्पा, इन्फिनिटिभ स्विमिङलगायतका सुविधाहरू सञ्चालन हुनेछ। म्यारियट बोनभोयको सबैभन्दा लक्जरी ब्राण्डको रुपमा द लक्जरी कलेक्सन रहेको छ।

# भ्रामक एसएमएसप्रति सचेत रहन नेपाल टेलिकमको अनुरोध




नेपाल टेलिकमको एसएमएस सेवाको दुरुपयोग गरी कनेक्ट आइपिएस् लगायत विभिन्न बैंक तथा डिजिटल भुक्तानी सेवाको नाममा भ्रामक एसएमएस पठाउने गतिविधि भइरहेको पाइएकोले सचेत रहन नेपाल टेलिकमले अनुरोध गरेको छ। यस्ता सन्देशहरूमा खाता निलम्बन भएको, अस्थायी रूपमा बन्द भएको वा अन्य समस्या देखिएको उल्लेख गर्दै ग्राहकहरूलाई शंकास्पद वेबसाइट वा लिंकमा प्रवेश गर्न प्रेरित गरेको पाइएको छ।

नेपाल टेलिकमले ग्राहकलाई यस्ता एसएमएस, फोन कल तथा शंकास्पद लिंकप्रति सचेत रहन अनुरोध गरेको छ। कुनै पनि लिंक प्रयोग गर्नु अघि सम्बन्धित संस्थाको आधिकारिक वेबसाइट वा मोबाइल एपमार्फत जानकारी प्रमाणित गर्न तथा आफ्ना गोप्य विवरण सुरक्षित राख्न समेत कम्पनीले अनुरोध गरेको छ।

अपरिचित वा शंकास्पद लिंकमा क्लिक नगर्न, ओटिपि, पासवर्ड, पिआइएन, सिभिभि लगायतका गोप्य विवरण कसैसँग पनि साझा नगर्न र बैंकिङ तथा डिजिटल भुक्तानी सम्बन्धी जानकारीका लागि सम्बन्धित संस्थाको आधिकारिक माध्यम मात्र प्रयोग गर्न समेत कम्पनीले सुझाव दिएको छ। शंकास्पद एसएमएस, फोन कल वा लिंक प्राप्त भएमा सम्बन्धित संस्थालाई तत्काल जानकारी गराउन समेत अनुरोध गरेको छ।

टेलिकमले ग्राहकहरूको सुरक्षा कम्पनीको प्रमुख प्राथमिकता भएकाले यस्ता भ्रामक गतिविधिबाट सुरक्षित रहन सम्पूर्ण ग्राहकलाई अनुरोध समेत गरेको छ।

# इप्पानमा डाँगीको नेतृत्वमा नयाँ कार्यसमिति निर्विरोध निर्वाचित




उर्जा उत्पादकहरूको संस्था (इप्पान)मा नयाँ कार्यसमिति चयन भएको छ। यसअघि वरिष्ठ उपाध्यक्ष रहेका मोहन डाँगी विधानअनुसार स्वतः अध्यक्ष भएका छन् भने कोषाध्यक्ष बाहेक अन्य पदमा निर्विरोध निर्वाचित भएका हुन्।

इप्पानको नयाँ कार्यसमितिमा वरिष्ठ उपाध्यक्षमा उत्तम लामा, उपाध्यक्षमा उत्तरकुमार श्रेष्ठ, नरेन्द्रबल्लभ पन्त, सुसन कर्माचार्य, विक्रम विष्ट, हिमप्रसाद पाठक निर्विरोध निर्वाचित भएका छन्। महासचिवमा टेकनाथ आचार्य, उपमहासचिवमा कविता पोखरेल, सचिवमा अभिज्ञा मल्ल, इशा श्रेष्ठ, कुवेरमणि नेपाल, विजयमोहन भट्टराई, सुमनकुमारी जोशी निर्वाचित भएका छन्।

कोषाध्यक्षमा भने सहमति हुन नसकेपछि निर्वाचन हुँदा शंकर बस्याल र मिथुन चक्रवतीप्रसाद पौडेलबीच प्रतिष्पर्धा भएकोमा  बस्याल विजयी भएका छन्।

त्यस्तै, इप्पानको नयाँ कार्यसमिति सदस्यमा अनुप आचार्य, कदम केसी, जगदिश शिवाकोटी, जगतबहादुर पोखरेल, नारायण कँडेल, मिलन खड्का, वर्गन लामिछाने निर्विरोध निर्वाचित भएका छन्।

यसैबीच नवनिर्वाचित अध्यक्ष मोहनकुमार डाँगीलाई निवर्तमान अध्यक्ष गणेश कार्कीले कार्यालयमा स्वागत गर्दै पदबहाली गराएका छन।

पदभार ग्रहणपछि अध्यक्ष डाँगीले अधिवेशनको समयमा साथीहरू फरक कित्तामा देखिए पनि साधारणसभाबाट सर्वसम्मत नेतृत्व चयन भएपछि अहिले समग्र ऊर्जा क्षेत्र एक ढिक्का भएर अघि बढेको विश्वास व्यक्त गरे।

# इन्द्रप्रस्थ हस्पीटल र प्रभु बैंकबीच विशेष छुट सम्झौता




नयाँ दिल्ली भारतस्थित इन्द्रप्रस्थ अपोलो हस्पीटल र प्रभु बैंक लिमिटेडबीच बैंकका ग्राहक तथा कर्मचारीहरूलाई इन्द्रप्रस्थ अपोलो हस्पीटलको सेवा सुविधामा विशेष छुट प्रदान गर्ने सम्झौता भएको छ।

जस अनुसार प्रभु बैकंका कर्मचारी, प्रभु बैकंका मोबाइल बैकिङ्ग प्रयोगकर्ता, डेबिट तथा क्रेडिट कार्डबाहकहरूले १०% छुट पाउने भएका छन्। उक्त सम्झौता अनुसार भर्ना भएका बिरामीहरूलाई औषधी र उपभोग्य सामाग्री बाहेक, र भर्ना नभई उपचार गराउने बिरामीहरूलाई औषधि र परामर्श शुल्क बाहेकका शुल्कहरूमा १०% छुट पाउने भएका छन्।

उक्त सम्झौतापत्रमा इन्द्रप्रस्थ अपोलो हस्पीटलका तर्फबाट डेपुटी म्यानेजर विपिन शर्मा र प्रभु बैंकका तर्फबाट चिफ मार्केटीङ अफिसर दिपेन्द्र बाबु विष्टले हस्ताक्षर गरेका छन।  नेपालभर रहेका ३०० शाखा कार्यालयहरू, २६२ एटीएम साथै ६६ एक्सटेन्सन काउन्टर मार्फत ग्राहकहरूलाई 'बिश्वास लिन्छौं, विश्वास दिन्छौं' भन्ने मुल नाराका साथमा बैंकिङ एवं वित्तीय सेवा प्रदान गरिरहेको प्रभु बैंकले गुणस्तरीय सेवा प्रवाह गर्दै अघि बढिरहेको छ।

# राष्ट्रिय वाणिज्य बैंकद्वारा शाखा विस्तार



राष्ट्रिय वाणिज्य बैंकले गोरखा जिल्लाको गण्डकी गाउँपालिका वडा नं ८ सिउरेनीटारमा र कर्णाली प्रदेश अन्तर्गत जुम्ला जिल्लाको सिंजा गाउँपालिका वडा नं ३ नराकोटमा शाखा कार्यालय सञ्चालनमा ल्याएको छ।

उपरोक्त शाखाहरू सञ्चालनमा आएसंगै राष्ट्रिय वाणिज्य बैंकको शाखा संख्या ३१६ पुगेको छ। राष्ट्रिय वाणिज्य बैंकले हाल ७ वटै प्रदेशका ७७ जिल्ला सदरमुकामसहित दुर्गम क्षेत्रलाई समेत समेट्ने गरी शाखा कार्यालयहरू सञ्चालनमा ल्याएको छ।

बैंकले कर्जा, निक्षेपसहित एटिएम, मोबाईल बैंकिङ लगायतका आधुनिक डिजिटल बैंकिङ सेवाहरू उपलब्ध गराइरहेको छ।




# आइएमईको २६औँ वार्षिकोत्सव

## वित्तीय सेवा थप सुरक्षित र प्रभावकारी बनाउने प्रतिबद्धता

आइएमई लिमिटेडले आफ्नो २६औँ वार्षिकोत्सव समारोह भव्य रूपमा सम्पन्न गर्दै वित्तीय समावेशिता, डिजिटल नवप्रवर्तन र सुरक्षित वित्तीय सेवामार्फत देशको आर्थिक रूपान्तरणलाई थप गति दिने प्रतिबद्धता व्यक्त गरेको छ।

कार्यक्रममा कम्पनीका संस्थापक तथा अध्यक्ष हेमराज ढकालले प्रविधिको तीव्र विकाससँगै वित्तीय सेवाको स्वरूप बदलिँदै गएको उल्लेख गर्दै एआई, मेसिन लर्निङ तथा डिजिटल प्रविधिको उपयोगमार्फत ग्राहकलाई अझ परिष्कृत, सुरक्षित र छिटोछरितो सेवा प्रदान गर्ने लक्ष्य रहेको बताए।

वार्षिकोत्सव समारोहलाई सम्बोधन गर्दै अध्यक्ष ढकालले वैदेशिक रोजगारीका क्रममा भोगेका अनुभवबाट जन्मिएको एउटा सानो परिकल्पना आज रेमिटेन्स सेवा मात्र नभई समग्र वित्तीय तथा डिजिटल भुक्तानी प्रणालीको एक भरपर्दो र अभिन्न अंगका रूपमा स्थापित भएको स्मरण गरे। उनले आइएमईले देशका दुर्गम गाउँदेखि सहरसम्म वित्तीय पहुँच विस्तार गर्दै आर्थिक समावेशिता र सामाजिक-आर्थिक रूपान्तरणमा महत्वपूर्ण योगदान पुर्‍याएको बताए।

उनले बदलिँदो प्रविधिसँगै वित्तीय क्षेत्रले पनि आफूलाई समयानुकूल रूपान्तरण गर्नुपर्ने आवश्यकता औँल्याए। उनले भने, 'जसरी टेक्नोलोजीहरू परिवर्तन भइरहेका छन्, व्यवसायको स्वरूप पनि तीव्र गतिमा बदलिरहेको छ। त्यसैगरी आगामी दिनमा प्रविधिसँगै सुरक्षाको विषय पनि उत्तिकै महत्वपूर्ण छ। प्रणालीलाई कसरी अझ सुरक्षित बनाउने भन्नेमा हामी केन्द्रित हुनुपर्छ।'

उनले एआई र मेसिन लर्निङले सेवा प्रवाहलाई सहज र प्रभावकारी बनाइरहेको उल्लेख गर्दै ग्राहकको आवश्यकता र अपेक्षाअनुसार सेवा विकास गर्न नयाँ प्रविधिसँगै अघि बढ्नुपर्ने बताए।

कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका निवर्तमान अध्यक्ष चन्द्र ढकालले २६ वर्षअघि निजी क्षेत्रलाई विदेशी मुद्राको कारोबार गर्न अनुमति दिने निर्णय नेपाली वित्तीय क्षेत्रका लागि ऐतिहासिक मोड भएको बताए। उनले नेपाल राष्ट्र बैंक र नेपाल सरकारले निजी क्षेत्रलाई रेमिटेन्स कारोबारको जिम्मेवारी दिनु त्यस समयको सन्दर्भमा साहसिक र अग्रगामी कदम रहेको उल्लेख गरे।

उनले भने, 'आजभन्दा २६ वर्षअघि नेपाल राष्ट्र बैंक र नेपाल सरकारले निजी क्षेत्रलाई विदेशी मुद्राको कारोबार गर्न स्वीकृति दिएको निर्णय आफैँमा एउटा क्रान्तिकारी कदम थियो। त्यो समयको सन्दर्भमा यो निकै अग्रगामी निर्णय थियो।'

उनका अनुसार त्यतिबेला अनौपचारिक माध्यमबाट हुने ठूलो रकमको कारोबारलाई औपचारिक प्रणालीमा ल्याउने चुनौती थियो। वैदेशिक रोजगारीमा रहेका नेपालीहरूले कमाएको रकम सुरक्षित र भरपर्दो ढंगले आफ्ना परिवारसम्म पुर्‍याउने उद्देश्यले सुरु गरिएको सेवा आज देशको अर्थतन्त्रको महत्वपूर्ण आधार बनेको उनले बताए।

कार्यक्रममा आइएमईको २६ वर्षे यात्राको समीक्षा गर्दै कम्पनीले रेमिटेन्स, डिजिटल भुक्तानी, बैंकिङ पहुँच विस्तार तथा वित्तीय साक्षरताको क्षेत्रमा खेलेको भूमिकाबारे चर्चा गरिएको थियो। वक्ताहरूले आगामी दिनमा नवीनतम प्रविधिको प्रयोग, ग्राहकमैत्री सेवा र सुरक्षित डिजिटल वित्तीय प्रणालीमार्फत देशको आर्थिक विकास र वित्तीय समावेशितालाई अझ सुदृढ बनाउने प्रतिबद्धता व्यक्त गरेका थिए।

## एनसेल र ट्रिप टर्बोको सहकार्य

# बस, आन्तरिक हवाई टिकटदेखि साहसिक गतिविधिहरूमा ८ हजारसम्म छुट

एनसेल ग्राहकहरूले अब एनसेल एपमार्फत बस, हवाई टिकट बुकिङ वा साहसिक गतिविधिहरूमा आकर्षक छुटका साथै विविध लाभहरू प्राप्त गर्न सक्ने भएका छन्। यसका लागि एनसेलले ट्राभल प्लेटफर्म ट्रिप टर्बोसँग एक साझेदारीपत्रमा हस्ताक्षर गरेको गरेको छ।

यो साझेदारी अन्तर्गत रु ९९ वा सोभन्दा बढी मूल्यको प्याक खरिद गर्ने हरेक एनसेल ग्राहकले अब बस टिकट बुकिङ, आन्तरिक हवाई यात्रा र साहसिक गतिविधिलगायतका कार्यमा आकर्षक छुट प्राप्त गरी बचत गर्न सक्छन्। यसका साथै अब ग्राहकहरूले एनसेल एपबाटै डिजिटल रुपमा यात्रा तथा साहसिक गतिविधिसम्बन्धी विविध सुविधाहरू सहजै प्राप्त गर्न सक्ने भएका छन्।

यो छुटको सुविधा एनसेल ग्राहकहरूले ट्रिप टर्बोमार्फत यात्राका लागि टिकट लिँदा वा विविध गतिविधिहरूमा आवद्ध हुँदा प्राप्त गर्दछन्। ग्राहकहरूले विभिन्न मनोरञ्जनात्मक तथा साहसिक गतिविधीमा रु ८,००० सम्मको छुट प्राप्त गर्न सक्छन्।




यसका साथै, ग्राहकहरूले पहिलो पटक आन्तरिक हवाई यात्रामा रु २०० र त्यसपछिका प्रत्येक आन्तरिक उडानमा रु १४० अनि बस टिकट बुकिङमा रु १११ छुट प्राप्त गर्न सक्छन्।

यी विशेष छुटहरूको लाभ एनसेल एपको पार्टनर्ड सर्भिसेज भित्र रहेको ट्रिप टर्बो सेक्सनमा गएर प्राप्त गर्न सकिन्छ। यो सेक्सनले ग्राहकहरूलाई यात्रा, मनोरञ्जनात्मक तथा साहसिक गतिविधिहरूमा सहभागिताका लागि तयारी गर्दा सजिलै छुटहरू खोज्न र प्रयोग गर्न मद्दत गर्दछ।

साझेदारीबारे प्रतिक्रिया दिँदै एनसेलका चीफ कन्ज्युमर बिजनेस अफिसर उपाङ्ग दत्ताले भने, "हामी कनेक्टिभिटी मात्र नभएर यात्रा र लाइफस्टाइलसँग जोडिएका विविध फाइदाहरूलाई नजिक ल्याउँदै ग्राहकहरूलाई त्यसको लाभ दिन प्रतिबद्ध छौं। ट्रिप टर्बोसँगको हाम्रो साझेदारीले यो प्रतिबद्धतालाई प्रतिबिम्बित गर्दछ। एनसेल एप मार्फत ग्राहकहरूले अब यात्रा र विविध गतिविधिहरूमा बचत गर्न सक्छन्, जसले उनीहरूको यात्रालाई अझ सुविधाजनक, फलदायी र किफायती बनाउँछ।"

ट्रिप टर्बोले आन्तरिक तथा अन्तर्राष्ट्रिय उडान, बस टिकट, होटेल, होलिडे प्याकेज र ग्राहकले चाहे बमोजिम तयार पारिएका सेवा प्रदान गर्दै आएको छ। यो साझेदारी दैनिक जीवनलाई सरल बनाउन डिजिटल नवीनता प्रयोग गर्ने एनसेलको मान्यतासँग मिल्दछ र ग्राहकहरूलाई थप सुविधा र छनोटको अवसर प्रदान गर्दछ।


सुरक्षित र भरपर्दो वैदेशिक रोजगारीका लागि हामीलाई सम्झनुहोस ।



SOS Manpower Service Pvt. Ltd.

GPO Box # 3565, Dhapashi, Kathmandu, Nepal

Tel: 1-4365986 to 89 & 4366137/8

E: sosierra@wlink.com.np, Web: www.sosgroup.com.np

# इमाडोलमा आधुनिक कस्मेटिक्स उद्योग
# विश्वस्तरीय ‘ओरा’ ब्रान्ड बजारमा




गैरआवासीय नेपाली (एनआरएन)को लगानीलाई उत्पादनमूलक क्षेत्रमा केन्द्रित गर्ने बहस चलिरहेका बेला ललितपुरको इमाडोलमा आधुनिक कस्मेटिक्स उद्योग सञ्चालनमा आएको छ। एनआरएनए अन्तर्राष्ट्रिय समन्वय परिषद् (आईसीसी) का पूर्वअध्यक्ष विनोद कुँवरको नेतृत्वमा स्थापित ‘एन.के. कस्मेटिक्स प्रालि’ ले कोरियन प्रविधि र नेपाली श्रमको संयोजनमा ‘ओरा’ ब्रान्डका विश्वस्तरीय कस्मेटिक्स उत्पादन बजारमा ल्याएको हो।

ललितपुरको महालक्ष्मी नगरपालिकास्थित इमाडोलमा स्थापित यस अत्याधुनिक उद्योगमा ३५ करोड रुपैयाँभन्दा बढी लगानी गरिएको कम्पनीले जनाएको छ। नेपाललाई दक्षिण एसियाकै गुणस्तरीय सौन्दर्य सामग्री उत्पादन केन्द्रका रूपमा विकास गर्ने दीर्घकालीन लक्ष्यसहित उद्योग स्थापना गरिएको हो।

विदेशमा आर्जन गरेको अनुभव, सीप र पुँजीलाई स्वदेशमै लगानी गर्नु आफ्नो दायित्व भएको उद्योगका अध्यक्ष कुँवरले बताए। “नेपालमा सम्भावना छैन भन्ने निराशाजनक धारणा परिवर्तन गर्न आवश्यक छ,” अध्यक्ष कुँवरले भने, “आधुनिक प्रविधि, दक्ष व्यवस्थापन र प्रतिबद्धता भए नेपालमै अन्तर्राष्ट्रिय स्तरका वस्तु उत्पादन गर्न सकिन्छ भन्ने प्रमाण ओरा ब्रान्ड हो।” उनले देशलाई आयातमुखी नभई उत्पादनमुखी अर्थतन्त्रतर्फ लैजान स्वदेशी उद्योगको भूमिका महत्वपूर्ण हुने उल्लेख गरे।

कम्पनीले कस्मेटिक्सबाहेक खाद्य तथा पेय पदार्थ क्षेत्रमा समेत लगानी विस्तार गरिरहेको जनाएको छ। कोरियामा लोकप्रिय चाउचाउ तथा विश्व बजारमा चर्चित कोरियन रक्सी ‘सोजु’ समेत नेपालमै उत्पादन सुरु गरिएको कुँवरले जानकारी दिए।

उद्योगकी प्रबन्ध निर्देशक एवं एनआरएनए आईसीसीकी सह-कोषाध्यक्ष गङ्गा खतिवडाले ‘ओरा’ का उत्पादनहरू नेपाली मौसम, वातावरण र यहाँका नागरिकको छालाको प्रकृतिअनुसार विकास गरिएको स्पष्ट पारिन्। “यो केवल सौन्दर्य सामग्री मात्र होइन, गुणस्तर र विश्वासको प्रतिफल हो,” खतिवडाले भनिन्, “नेपालमै उत्पादन हुने भएकाले ओरा ब्रान्डको प्रयोगले नेपाली श्रमिक र नेपाली अर्थतन्त्रलाई प्रत्यक्ष सहयोग पुग्छ।”

हाल कम्पनीले फेस केयर, स्किन केयर तथा व्यक्तिगत हेरचाह (पर्सनल केयर) सम्बन्धी विभिन्न उत्पादन बजारमा ल्याइसकेको छ। निकट भविष्यमै थप १० देखि १५ वटा नयाँ उत्पादन सार्वजनिक गर्ने तयारी भइरहेको छ। उद्योग पूर्ण क्षमतामा सञ्चालन हुँदा १ सयभन्दा बढी प्रकारका कस्मेटिक्स उत्पादन गर्ने क्षमता रहेको कम्पनीले जनाएको छ। उद्योगले हाल दर्जनौँ नेपाली युवालाई प्रत्यक्ष रोजगारी दिएको छ भने वितरण, बजार व्यवस्थापन र आपूर्ति प्रणालीमार्फत सयौँ व्यक्तिलाई आर्थिक गतिविधिमा जोडेको छ।

दीर्घकालीन रूपमा दक्षिण एसिया, मध्यपूर्व र युरोपलगायतका अन्तर्राष्ट्रिय बजारमा नेपाली ब्रान्ड निर्यात गर्ने रणनीति कम्पनीको छ। ब्रान्डलाई युवा पुस्तामाझ लोकप्रिय बनाउन कम्पनीले नेपाली चलचित्र क्षेत्रकी अभिनेत्री परीक्षा लिम्बूलाई ‘ब्रान्ड एम्बासडर’ नियुक्त गरेको छ।

कोरियन प्रविधि, एनआरएनको अन्तर्राष्ट्रिय अनुभव र नेपाली श्रमको यो संयोजनलाई आर्थिक रूपान्तरण र आत्मनिर्भरताको एक उदाहरणीय पहलका रूपमा हेरिएको छ।



रोजगार
एनआरएन
अर्थ
लगायतका गतिविधिका लागि लग अन गर्नुहोस्
रोजगार मञ्च
rojgarmanch.com

# खल्तीमा लालपूर्जा

**खल्तीमा लालपूर्जा बोकेर हिंड्न थालेको धेरै भो धर्मानन्दले। जसलाई पनि उनी देखाएर भन्छन्– 'सार्है लच्छिनको जग्गा छ। तर केटो छोरो लच्छिनको नभएको हो कि ?' एक वर्षदेखि खल्तीमा लालपूर्जा छ धर्मानन्दको। सबैले सल्लाह दिएका छन् तर जग्गा किनिदिएका छैनन्।**



युवराज नयाँघरे

'हुन्छ म मिलाउँला। तँ राम्रोसँग पढ् केटा!'

धर्मानन्दले छोरालाई भने।

एक त उनले ढिलो बिहे गरे। कति गरे पनि सन्तान जन्मिनै सकेनन्। श्रीमती गर्भिणी त हुन्थिन्। दुई-तीन महिनाको हुनासाथ बच्चा खेर गइहाल्थ्यो। यै पीरले धर्मानन्दलाई निकै सताएको थियो।

बल्ल-तल्ल यो छोरो जन्मेको थियो।

ओछ्यानमा हलचल नगरी श्रीमती बस्थिन्। सार्है कष्ट र दुःखले जन्मेको छोरो थियो यो।

उनले सोचेथे- 'यसलाई जे जस्तो भए पनि राम्रोसँग पढाउनु पर्‍यो। पहाड छोडेर आइयो- यही छोराको भविष्य सम्झेर। अब यसैको भविष्य राम्रो पार्न जे मूल्य भए पनि चुकाउनु पर्‍यो।'

धर्मानन्दसँग खास जग्गा-जमिन पनि थिएन। उहिल्यै पहाडमा छँदा एकजना झोडे नेता थिए। उनैले मधेशमा जंगल फाँडेर बस्न पाइन्छ- ल, हिँड केटा हो भनेर यता ल्याएका थिए। त्यतै लागेर एउटा गरो उनको भागमा परेथ्यो।

फाँड्न त धेरै जंगल फाँडेका थिए। तर सरकारले सबै जंगल फँडुवाहरूलाई धपायो। निकै पछि घर बनाएर बसेको घडेरीलाई मात्रै मान्यता दियो। अहिले त्यही घडेरी थियो धर्मानन्दको भागमा।

'अब यो सम्पत्तिले बाँच्न, टिक्न सकिएला त ?'

धर्मानन्द बेला-बेला भन्थे।

बजारतिरका स-साना सामान बोक्ने, ल्याउने, थन्काउने काममा धर्मानन्दलाई सबैले चिन्थे। उनी पनि त्यही पेशा गरेर परिवार पाल्थे। पत्नीको सानो ठेला पसल थियो।

'बिहान र बेलुका मात्रै पसल चलाउन पाइन्छ। दिउँसो त नगरपालिकाले समातेर हालिहाल्छ।'

रतियादेवीले सबैलाई भन्ने गरेको वाक्य यही थियो।

दुःखसँग जीवन चलेको थियो। अब त उनीहरूलाई बानी परिसकेको थियो। जे हुन्छ, जस्तो हुन्छ- सबै टर्दै जान्छ।

धर्मानन्दको छोराको नाम हो विजय।

बाह्र पढिसकेपछि उसले पनि अरु सरहको सपना देख्यो। बाबुले नेपालमै पढ्दा पनि हुन्छ भनिरहेका थिए।

विजयले पनि यही रटान लगाइरहेको थियो- 'विदेश गइयो भने कमाइन्छ पनि, पढिन्छ पनि।'

कुरो त ठीकै थियो।

तर कसरी पढ्न पठाउने ? खर्च त धेरै नै लाग्छ। कहाँबाट जोहो गर्ने यति धेरै पैसा।

धर्मानन्दका आफन्तहरू पनि सबै एकै खालका थिए। सबैका स-साना झुप्रा बाहेक- अरु सम्पत्ति थिएन। अझ उनीहरूका त ३-४ सन्तान थिए।

रतियादेवीका माइती पनि त सम्पन्न थिएनन्। सबैका सम्पत्ति भनेका त्यही फुस्का छाप्रा थिए। कसैका आँगनसम्म थिएनन्। जे थिए- तिनै काँस, पराल र छ्वालीले छाएका भुइँतल्ले छाप्रा थिए।

दिनभरि माइतमा बसे पनि राति सुत्ने ठाँउ हुँदैनथ्यो।

त्यसैले रतियादेवीले आफ्नो छोरो, बूढालाई




राति घरतिरै फर्काएर भन्थिन्- 'आफ्नो घरमा ढुक्कले सुत्न पाइन्छ। जाऊँ-जाऊँ छिटो।'

यो कुरो श्रीमान्ले बुझेका थिए- अनि केही बोल्दैनथे। चुपचाप ससुरालीबाट आफ्नो घरतिर पाइला सार्थे।

गएको हप्तादेखि विजयले निकै हैरान लाउन थालेको छ। उसले निकै खेप भनिसक्यो- 'मेरो यो मौका गुम्यो भने फेरि-फेरि चान्स आउँदैन है बुवा।'

बुवाले सम्झाइरहेकै छन्- 'हुन्छ म मिलाउँला। तँ राम्रोसँग पढ केटा।'

भन्न त उनले यसो भने। तर त्यही दिनदेखि उनी जता गए पनि रित्तै घर फर्किन थालेका छन्।

काकालाई भेटेर सबै कुरा भने। काकाले अन्त्यमा हप्काए- 'एउटा छोरो पनि विदेश पठाएर तँ के गरी जीवन चलाउँछस्। भोलि खुत्रुक्कै परिस् भने तेरो हेर्ने को हुन्छ नि धर्मानन्द ?'

'तेरो सनक राम्रो छैन। छोरो विदेश पढ्न पठाउने सोच त्याग। तेरो भलाइ यसमै छ। यतै पढा, यतै। घरकै खानापिना खान्छ, पढ्छ। किन विदेश पठाउनु पर्‍यो ?'

काकाले उल्टै थर्काए- 'तेरो हबिगतै गतिलो छैन। कसरी पठाउँछस् विदेशमा छोरो।'

'अलिक सोचेर अघि बढ। भड्खालामा पर्लास्।'

उज्यालोमा घर जान मन लागेन उनलाई। साँझ परेपछि मात्रै घर फर्केका थिए।

चैतुलालले अस्तिको दिन सल्लाह दिएका थिए- 'सकेसम्म सहकारीवालासँग रिन माग्नु। ब्याज सस्तो पर्छ। आफ्नो घर छेउका मान्छे हुन्छन्। उनीहरूले परिस्थिति पनि बुझ्छन्।'

'उनीहरूलाई सबै कुरा बताउनुपर्छ। सहकारी भनेको हाम्रै थोपा-थोपी धन भेला पारेर बनेको हुन्छ। अप्ठेरोमा काम नलाग्ने धन को काम के ? त्यै भएर उनीहरू नै बढी भरपर्दा लाग्छन् मलाई त।'

चैतुलालको सल्लाह पाएर धर्मानन्दलाई निकै आड भरोसा भयो। उनी अर्को दिन बिहानै पुगेथे- सहकारीमा।

सहकारीका हाकिम थिए राम नरेश सिंह यादव। सबैले पटु यादव भन्थे उनलाई।

धर्मानन्दले पनि त्यै पारामा भने- 'पटु भाइ छोरो विदेश पढ्न जाने भन्छ। अलिकति रिन त दिनै पर्‍यो।'

उनका सबै कुरा सुनेपछि अन्त्यमा गुलियो चिया खुवाए पटु यादवले। अनि सम्झाएर भने- 'काका, कुरा त सबै ठिक हो। तपाईंलाई रिन दिने र हामीले भोलि केही परे असुल-उपर गर्ने आधार छैन। हामी पनि त बैंक जस्तै हौँ। बैंकले गतिलो धितो नपाई रिन दिँदैन।'

उनी अमिलो मन पारेर फर्के।

राति छोराले फेरि भन्यो- 'साथीले सबै जोरजाम पारिसके छ। के गर्ने बुवा ?'

'मेरो त मन खुबै आत्तिएको छ। आर्थिक सबै मिलाएपछि एप्लाई गर्नुपर्ने छ। भिसाको प्रोसेस अझै गाह्रो छ।'

छोराको कुरा सुनेर उनले फेरि भने- 'म कुदिरहेको छु। हेरौँ, केही त होला केटा।'

अर्को दिन बिहानै उनी काठ मिल साहुकोमा पुगे। साहुले पनि राम्रैसँग कुरा सुने। खाना पनि खुवाए।

सड्न लागेका काठहरू र मुडाहरू माथि जस्तापाता हालेर टहरो जस्तो बनाइदिए। धेरै वर्ष अघि धर्मानन्द यही घरमा नोकरी पनि गर्न पुगेका थिए।

'तैँले अलिक महँगो सोचाइ पालिछस्। कमाउने उमेरमा अब कहाँ पढ्न पठाउने विचार राखेको तैँले। छोरालाई बरु मेरो कारखानाको हिसाबकिताब हेर्ने काममा पठाइदे। म उसलाई काम पनि दिउँला, दाम पनि दिउँला। ढिलो नगर। म कहाँ पठाएस् है छिट्टै।'

धर्मानन्दले एक मुठो फर्सीको मुन्टो पाए। अरु पैसा सहयोग पाएनन्।

उनी घर आएर छोरालाई सबै कुरा बताए। विजयले ध्यान दिएर सबै कुरा सुने।

अनि भने- 'बुवा, कसैको साथ पाउने देखिनँ। यो घर जग्गा बेचिदिऊँ। तपाईंहरू नजिकै कोठा खोजेर बसे भइहाल्छ। दुई-चार वर्षमा राम्रै कमाउँछु म। त्यसपछि यस्ता घडेरी त कति-कति।'

त्यसकै भोलिपल्टदेखि धर्मानन्दले ग्राहक खोज्न थाले।

मानबहादुरलाई भने- 'लौन, छोरो पढ्न पठाउनु पर्‍यो। खर्च चाहियो। कि रिन दिनु पर्‍यो, कि मेरो घर घडेरी बेचिदिनु पर्‍यो।'

उसले कुरा सुन्दै चुरोट सल्कायो। पाँच खिल्ली चुरोट सकेपछि बल्ल भन्यो- 'तपाईंले भनेको भाउमा घर- जग्गा जाँदैन। तैपनि म बुझ्छु है।'

'पर्सि आउनु है।'

सानो आशा दिएर धर्मानन्दलाई विदा गर्‍यो।

त्यसपछि पनि घर-जग्गा बेच्ने कुरा सुनाउन आइते मगरकोमा उनी पुगे। आइते बिहानैदेखि उभिन नसक्ने गरी मातेको थियो।

'ए, कसैले नकिने म किनिदिउँला नि।'

आइतेसँग धेरै कुरा गर्न धर्मानन्दले मन गरेनन्। यही एउटा वाक्य सुनेर आँगनबाट निस्के उनी।

डिल्लीबहादुर गुरुङसँग भने। हीरालाल खड्कासँग सबै कथा सुनाए। दुबैले बुझौँला मात्रै भने।

शुक्रबार पशुहाटमा जानकी परियारसँग भेट भो। उनीसँग पनि धर्मानन्दले भने- 'भान्जी, लौन ग्राहक खोजौँ। बाबुलाई खर्च पेलेर विदेश पठाउनु पर्‍यो। घडेरी बेच्नु पर्‍यो।'

पल्लो गाउँमा बाजे बस्थे। उनी हात हेरेर ग्रहदशा हेरेर बाधा अड्काउ फुकाउँथे। त्यहाँ पनि उनी पुगे।

बाजेले भने- 'शनिको चक्कर छ। यो केटाले सफलता पाउन मुस्किल-मुस्किल पो छ त।'

खल्तीमा लालपूर्जा बोकेर हिँड्न थालेको धेरै भो धर्मानन्दले। जसलाई पनि उनी देखाएर भन्छन्- 'सार्है लच्छिनको जग्गा छ। तर केटो छोरो लच्छिनको नभएको हो कि ?'

एक वर्षदेखि खल्तीमा लालपूर्जा छ धर्मानन्दको। सबैले सल्लाह दिएका छन् तर जग्गा किनिदिएका छैनन्।

यो कथा अहिले अलिक धेरै घट्न थालेको त छैन गाउँघरमा ?

# योग निद्राको गहिराइमा पो संसार घुमिरहेको रहेछु

**हामी केही बेरमै त्रिभुवन अन्तर्रराष्ट्रिय विमान स्थलमा अवतरण गर्दैछौँ अचानक कानमा यस्तो मिठो आवाज गुन्जिएपछि ध्यानबाट व्युझिएँ म। योग निद्राको गहिराइमा पो संसार घुमिरहेको रहेछु। ४५ मिनेट अगि भद्रपुरबाट उँडेको म देशलाई समृद्धि यात्रामा संसार घुमाएर अवतरण गराइरहेको थिएँ।**



**शम्भु सुस्केरा**

आज समयमै जहाज उडछ रे भनेको थाहा पाउँदा गजबको खुशी लाग्यो।

मलाई खोज्दै एयरपोर्ट सुरक्षा प्रमुख रवि राइको कार्यकक्षमै आए जहाज कर्मचारी। सबै यात्रु जहाजमा चढीसके रे, कफीको घुट्की निल्दै झोला बोकेर दौडिएँ म।

यस्तै होस् सधैँ समयमै उँडोस्। जहाज चढ्दै म बोलेँ।

राति पार्किङ गरेको जहाज बिहान समयमा उँडिहाल्छ नि। मेरो पछि अर्को एकजना यात्रु रहेछन् जवाफ दिए।

जहाजमा ध्यान गर्दा गजबको आनन्द मिल्छ, पल्केका छौँ हामी श्रीमान श्रीमती नै। सधैँ हेरेकै पहाड, देखेकै हिमाल, सधैँ ओढेकै बादल, शरीर सोझ्याएर आँखा चिम्लिएँ ध्यानको यात्रामा।

सुडानबाट परिवार भेट्न ३ महिनामा आएको मान्छे झापाबाट काठमाडौँ पुग्न दुईगुना समय लागेको छ। त्यसैले परिवारसँग भेट हुने उत्साह भरिलो थियो। बन्द आँखामा रसिलो खुशी तरङ्गित भयो।

०००

सुडानको राजधानी खार्तुमको आकाशमाथी जहाज थियो, जहाजभित्र म पनि।

यति होचोमा पनि जहाज कुध्ने रहेछ। छोरो सुशान अचम्ममा पऱ्यो। यति होचोबाट त हेलिकोप्टरमा सुडानकै शिरमाथि उँडेको थिएँ। नेपालमा माउण्टेन फ्लाइट गराएझैँ यता नदीको दृष्यावलोकन गराएका होलान्, मैले जवाफ दिएँ।

ब्लु र ह्वाइट नाइलको संगम खार्तुमकै आँगनमा भेटिन्छ।

युगाण्डाको आकासबाट “सोर्स अफ नाइल” र “डेभिड फल्स” उस्तै नजिकबाट नियाल्यौँ। रुवान्डाको जंगलमा हात्तीका बथान छेउमै गएर छोऔँ जस्तो लाग्ने।

तपाईलाई अहिले लाग्दैहोला जहाजकै झ्यालबाट यति सजिलो र दुरुस्तै तलका दृष्यहरू देखिन्छन्। त्यस्तो होइनरहेछ। आ-आफ्नो सिट अगाडि, एकएक थान स्क्रिन हुनेरहेछ। जहाजको बाहिरी भागमा सिसिक्यामेराले झैँ दृष्य खिच्ने कुनै डिभाइस जडान हुने रहेछ र दृष्यहरू ती स्क्रिनहरूबाट दुरुस्तै हेर्न सकिनेरहेछ।

आफ्नो अगाडिको स्क्रिनमा देखिएको दृष्य लाइभ होइनकि भन्ने शंकाले होला कतिपयले झ्यालबाट चिहाएर हेर्न खोजिरहेका देखिन्थे।

हाम्रो जहाजका ३ सय ५० यात्रुमा २ सय जति केन्याली नागरिकहरू थिए, जो नेपालका कामदार थिए र विदामा आफ्नो देश जाँदै थिए।

अचानक एकसाथ चिच्याए ती, हामी अचम्मित भयौँ, डरायौँ पनि। आफ्नो देशको सीमा देखिँदा देशको जयकार गरेका रहेछन्।

एक दिन नैरोवीमा बास थियो हाम्रो।

केन्या व्यापार महासंघ र नेपाली महासंघबीच व्यापारिक छलफल र केही सम्झौता हुँदै थिए। केन्या सरकार र पर्यटन व्यावसायीलाई सुशानको प्रस्तुति थियो।

नभन्दै योग, अध्यात्म र यसबाट मानव उत्थान विषयमा १ घण्टाको प्रस्तुतिपछि छलफलमा उत्साही थिए उनीहरू। ध्यानयोगले आत्मिक, आर्थिक, सामाजिक र सांस्कृतिक उत्थान हुन्छ भन्ने रौँचिरा व्याख्या सुनेर अचम्मित र लालायित देखिन्थे सबै।

केही युरोपियनहरू छिरेर “योगा” भनिरहे पनि आफूले नपत्याएको खासमा योगा नभइ योग पो रहेछ प्रधानमन्त्री एलेक्स गुण्डुले बताए।

ती सबै नेपालीका चेला हुन्। आज थाहा भयो। नेपाल गुरु देश हो भन्ने थाहा पाएपछि पक्का भए।

नेपालबाट १ हजार प्रशिक्षक झिकाएर देशभर प्रशिक्षण गराउने सम्झौता भयो। हामी पनि नेपालजस्तै हिमाली हौँ। केन्याको शब्दको अर्थ

सेतो हिमाल भन्ने पनि हो उनले सुनाए ।

०००

अमेरिकी असंगठित राज्य गुआम क्षेत्रको स्काइ भिजिटपछि समुद्रीतट, जंगल र टुमोन बिच हेर्दा भुइमै झरौँ लागिरहेको थियो मनमा । तर समय थिएन हामीसँग । प्रशान्त महासागरमा सूर्योदय सुर्यास्त दुवैमा आनन्द आउनेरहेछ । पोटोमक नदी किनारमा रहेको अमेरिकाको राजधानी वासिङ्टन डिसीलाई रातको सुन्दरता आकाशबाट नियाल्ने अनुमति र समय लिएका थियौं । त्यसैले सूर्यास्त हेर्न भ्याइएन ।

रोनाल्ड रेगन वासिङ्टन नेशनल एयरपोर्टमा जहाज र यात्रुलाई मिहिन ढंगले जाँच गरेपछि यात्रु उतारेर सिङ्गै जहाजलाई स्क्यान गरिएको थियो एक्स्रे मेसिनले ।

अमेरिकी राजधानीको एयरपोर्टमा दश ओटा भन्दा बढी नेपाली झण्डाबाहक जहाज पार्किङ गरेको देखेर कम्ति मजा आएन ।

बेलायती उपनिवेशबाट स्वतन्त्र भएपछि सन १७८९ मा पहिलो राष्ट्रपति बनेका जर्ज वासिङ्टनको नामबाट राजधानीको नामाकरण गरिएको थियो । प्रथम राष्ट्रपतिको सम्मान र सम्झनलायक रहेछ राजधानी शहर ।

भोलिपल्ट न्युयोर्क सिटी ट्रेड सेण्टरमा नेपाली राजदूतको उपस्थितिमा "नेपाली मौलिक उत्पादन र अमेरिकी बजार" विषयमा बहस चल्यो ।

नेपाली गलैचाको बढ्दो माग, गाँजा, अल्लो र सिस्नोको कपडाको माग अनुसारको आपुर्ति गर्न नसकेकोमा त्यसको खेती बढाउन अमेरिकाको सुझाव रह्यो ।

साहित्य होस् की राजनीति, व्यापार होस् या सांस्कृतिक समारोह संसारभर नै एकै अनुभव पाकाहरूले लामै भाषण गर्ने रहेछन् भन्ने नब्बे बर्षिय उद्योगपति एन्डर्सनले पुष्टी गरिदिए ।

नौलो अनुभव भएर होला लामो भाषण पनि रमाइलो लाग्यो ।

अमेरिका कुनै दिन फ्रान्स, स्पेन र बेलायतको उपनिवेश थियो भनेर पहिलोपटक सुनेको हुँ उनकै मुखबाट ।

तिनीहरूबाट अमेरिकी जनताले भोगेको सास्तीको वर्णन गरे । "की मृत्यु देउ की स्वतन्त्रता" भन्ने नारासहित ८ वर्षे स्वतन्त्रता सङ्ग्रामले उपनिवेशबाट मुक्ति मिलेको थियो ।

अमेरिकाको शासन चलाउने गभर्नर बेलायतले नियुक्त गर्नेदेखि अमेरिकी कानुनसमेत बेलायती संसदमा बन्ने कुरा नौलो मात्र लागेन उसबेलाका अमेरिकीको दया लागेर आयो ।

एण्डर्सनको रहस्यमय भाषण सुनेपछि आजको अमेरिकी र भारतियको व्यवहार हेर्दा लाग्थ्यो जो कुनै समय उपनिवेशको तीब्र शोषणमा परेका छन् तिनले नै आज छिमेकी र मित्र राष्ट्रलाई भूगोल, राजनीति, व्यापार र करमा समेत हस्तक्षेप गर्ने गरेका रहेछन् ।

त्यसपछि हामीले राजनीति, कुटनीति, प्रविधिसहित अर्थतन्त्रमा सुधार गरेका हौं । पहिलो विश्वयुद्धमा तठस्थ बसेका हामी दोस्रो विश्वयुद्धमा महाशक्तिकारुपमा देखा पर्न सक्यौं । हामीले कहिल्यै कसैलाई उपनिवेश त बनाएनौं तर आज संसारभर छाएका छौं ।

संसारभर अघोषित उपनिवेश बनाएकोमा गर्व गरे उनले ।

१९ अक्टोबर १७७६ को भर्साइल सन्धीले अमेरिकीलाई स्वतन्त्रताको लामो स्वास फेराएको रहेछ ।

औषधी व्यावसायीसँग नेपाली आयुर्वेद चिकित्सा पद्दति, खानपानको प्राच्य शैलीको लाभ व्याख्यासहित जडिबुटीको प्रयोग समेत गरेर देखाए नेपाली विज्ञ डा. रितेश विश्वकर्मा र भूपिन थापाले । भारतीय मूलका एक व्यवसायीले नेपालको जडिबुटी आयातका लागि सम्झौतामा हस्ताक्षर गरे ।

बेलायतको उपनिवेशबाट स्वतन्त्रताको शास फेरेको कुरा एन्डर्सनले गरे पनि नेपालीले फेरेझैं स्वतन्त्रताको सास फेर्न पाएकै छैनन । शारदाले यसो भन्दा अलि असन्तुष्ट र अचम्मित जस्ता देखिए अमेरिकी । विषयलाई स्पष्ट पार्दै भस्त्रिका प्राणायामबाट शुरु गरेर ३० मिनेट ध्यान गराइन्, सबै आनन्दित थिए गहिरो ध्यानमा ।

हामी केही बेरमै त्रिभुवन अन्तर्राष्ट्रिय विमान स्थलमा अवतरण गर्दैछौं अचानक कानमा यस्तो मिठो आवाज गुन्जिएपछि ध्यानबाट व्युझिएँ म । योग निद्राको गहिराइमा पो संसार घुमिरहेको रहेछु ।

४५ मिनेट अगि भद्रपुरबाट उँडेको म देशलाई समृद्धि यात्रामा संसार घुमाएर अवतरण गराइरहेको थिएँ ।

के यो ध्यान मात्र हो ? वा राष्ट्र निर्माता पृथ्वीनारायण शाहले देखेझैं देश निर्माणको सपना ? गहिरो ध्यानले दिएको आशाबाट फूलजस्तै चङ्गा बनेको शरीरले आशाका प्रकाशहरू झलमलाईरह्यो मनभरि ।



# 'संगीतमै साधनारत छु'



• हरिराम पौडेल

नेपाली गीत, संगीतको विशाल आकाशमा केही यस्ता स्वरहरू जन्मिन्छन्, जसले केवल गीत गाएर लोकप्रियता हासिल मात्रै गर्दैनन् आफ्नो साधना, अध्ययन, जीवनदृष्टि, सांस्कृतिक चेतना र सामाजिक उत्तरदायित्वका माध्यमबाट एउटा विशिष्ट पहिचान निर्माण गर्छन् । यस्ता कलाकारहरू समयसँगै केवल गायक वा गायिकाको सीमामा बाँधिँदैनन्, उनीहरू एउटा सांगीतिक संस्था, एउटा प्रेरणा र एउटा सांस्कृतिक हस्ताक्षरका रूपमा स्थापित हुन्छन्, नेपाली संगीतमा ऋतु कडेल त्यस्तै एउटा नाम हो ।

ऋतु कडेलको सांगीतिक यात्रालाई हेर्दा केवल एक गायिकाको सफलता कथा मात्र होइन एउटा सपना, संघर्ष, अध्ययन, साधना, आत्मविश्वास र निरन्तरताको कथा भेटिन्छ । लोकगीतदेखि आधुनिक गीतसम्म, तीज गीतदेखि पप संगीतसम्म, स्टेज प्रस्तुतिदेखि सांगीतिक अध्ययनसम्म उनले नेपाली संगीतलाई बहुआयामिक रूपमा योगदान दिएकी छिन् । उनको व्यक्तित्वमा गायिका, संगीतकार, प्रशिक्षक, प्रस्तुतकर्ता, निर्णायक र सांस्कृतिक अभियन्ताको समग्र समिश्रण देख्न सकिन्छ ।

चितवनको नारायणगढमा जन्मिएकी ऋतुको बाल्यकाल प्राकृतिक सुन्दरताले भरिएको वातावरणमा बित्यो । चितवनको सांस्कृतिक परिवेश, स्थानीय भाका, चाडपर्व, गीत, संगीत र सामुदायिक वातावरणले उनको बाल मनमा संगीतप्रतिको आकर्षण सानैदेखि रोपिदिए को थियो । विद्यालय जीवनमै उनी नाचगानका कार्यक्रमहरूमा सक्रिय हुन्थिन् । हरेक शुक्रबार हुने अतिरिक्त क्रियाकलापमा उनी नियमित सहभागी हुन्थिन् । गायन प्रतियोगितामा सफलता हासिल गर्थिन् । शिक्षकहरू उनको स्वरको प्रशंसा गर्थे भने साथीहरू उनीप्रति आकर्षित हुन्थे ।

कक्षा आठमा तयार गरिएको अटोग्राफ पुस्तकमा उनका शिक्षकहरूले लेखेका प्रेरणादायी शब्दहरूले उनको जीवनमा गहिरो प्रभाव पार्‍यो । गुरुआमाले लेखेको एउटा वाक्य “तिमीभित्रको गायकी कलालाई सदुपयोग गर, एक दिन सफल हुनेछौ” उनको मनमा सधैंका लागि अंकित भएर रह्यो । बाल्यकालमै उनले आफूभित्र रहेको कलाकारलाई चिनेकी थिइन् । गीत बज्नासाथ नाच्न मन लाग्ने, गुनगुनाउन मन लाग्ने, मानिसहरूको बीचमा गीत सुनाउन चाहने उनको स्वभावले भविष्यको संकेत दिइसकेको थियो ।

ऋतुको जीवनमा एउटा महत्वपूर्ण द्वन्द्व पनि थियो । उनका बुवाको चाहना छोरीलाई डाक्टर वा सफल व्यवसायी बनाउने थियो । परिवारको दृष्टिमा संगीत क्षेत्र कठिन थियो, अनिश्चित थियो र आर्थिक रूपमा पनि सुरक्षित मानिँदैनथ्यो । दाइ डाक्टर भएकाले उनी पनि डाक्टर बनुन् भन्ने परिवारको अपेक्षा उनीमाथि पनि थियो । व्यवसाय अध्ययन गर, व्यापार गर, सुरक्षित पेशा रोज भन्ने सल्लाह उनलाई बारम्बार दिइन्थ्यो । उनले कमर्स अध्ययन गरिन्, एयर होस्टेजको तालिम पनि लिइन्, जागिरका अवसरहरू पनि प्राप्त गरिन् । तर संगीतले उनलाई कहिल्यै छाडेन । उनी भन्छिन् “भगवानले मलाई गीत गाउनकै लागि जन्माएका रहेछन् ।” यही अनुभूतिले उनलाई सुरक्षित भविष्यको बाटोभन्दा आफ्नो आत्माको आवाज पछ्याउन प्रेरित गर्‍यो । यही निर्णयले उनलाई आजको ऋतु बनायो ।

अध्ययन र साधनाको दुर्लभ संयोजन पनि हुन् ऋतु कडेल । नेपाली संगीत क्षेत्रमा औपचारिक



• ऋतु कँडेल, गायिका

अध्ययन गरेका कलाकारहरूको संख्या धेरै छैन । ऋतु यस अर्थमा फरक देखिन्छिन् । उनले त्रिभुवन विश्वविद्यालयबाट संगीत विषयमा स्नातकोत्तर उपाधि हासिल गरिन् भने ललितकला क्याम्पसबाट स्वर विधामा स्नातक अध्ययन गरिन् । संगीतको प्रवीणता प्रमाणपत्र हासिल गरिन् । यसबाहेक सामाजिक विज्ञान र व्यवस्थापनको पनि उनले अध्ययन गरिन् भने हाल उनी संगीतमा नै विद्यावारिधि गर्ने योजनामा रहेकी छिन् । संगीत क्षेत्रमा नै उच्च अध्ययनले उनको संगीतलाई केवल प्रतिभाको विषय होइन, ज्ञान र अनुशासनको विषयका रूपमा बुझ्ने दृष्टिकोणले उनलाई अझ परिपक्व बनाएको छ ।

साधना कला केन्द्र, श्रीकृष्ण गुरुकुल तथा संगीतज्ञ प्रकाश गुरुङसँगको प्रशिक्षणले उनको गायनलाई अझ निखार दियो, संगीतमा अध्ययनको साथसाथै रियाजको पनि उत्तिकै महत्व रहेको छ । उनी बिहानको समयमा रियाज गर्न रुचाउँछिन् । उनको विश्वास छ बिहानको शान्त वातावरणले स्वरलाई गहिरो बनाउँछ र मनलाई एकाग्र बनाउँछ । उनको जीवनमा अध्ययन र साधना एकअर्काका पूरक बनेका छन् ।

जीवनमा अघि बढ्न प्रेरणा र मार्गदर्शन आवश्यक पर्दछ । हरेक कलाकारको यात्रामा कुनै न कुनै प्रेरणाको स्रोत हुन्छ । ऋतुका लागि त्यो नाम हो–कोमल ओली । कोमल ओलीलाई उनले केवल मनपर्ने गायिका मात्र मान्दिनन् मार्गदर्शक, प्रेरक र अभिभावकका रूपमा स्वीकार गर्छिन् । प्रारम्भिक सांगीतिक यात्रामा कोमल ओलीको साथ र सल्लाहले आफूलाई अगाडि बढ्न सहज भएको कुरा उनी स्मरण गर्दछिन् । तीज गीतको स्टुडियो अनुभवदेखि कलाकारिताको व्यवहारिक पक्षसम्म उनले कोमल ओलीबाट धेरै सिकिन् । त्यसैले उनी कोमल ओलीप्रति सधैं कृतज्ञ देखिन्छिन् । तर प्रेरणाबाट प्रभावित भएर पनि आफ्नो मौलिकता जोगाउन सक्नु कलाकारको ठूलो विशेषता हो । ऋतु स्वयं भन्छिन् अञ्जु पन्त अञ्जु पन्त भएर चिनिइन्, तारादेवी तारादेवी भएर चिनिइन्, म पनि ऋतु भएर चिनिन चाहन्छु ।

ऋतु बहुआयामिक गायन यात्रा कि एक यात्री हुन् । उनी कुनै एउटा सांगीतिक विधामा सीमित कलाकार होइनन् । उनले आधुनिक गीत, सुगम संगीत, लोकगीत, लोकपप, पप, रोइला, पञ्चेबाजा, तीज गीत र चलचित्र गीतसम्ममा आफ्नो स्वर दिएका छन् । उनको पहिलो एल्बम 'ऋतुका फूलहरू' ले उनलाई एउटा सम्भावनाशील गायिकाको रूपमा स्थापित गर्यो । यस एल्बममा रहेका गीतहरूले श्रोतामाझ उनको छुट्टै परिचय निर्माण गरिदिए । विशेष गरी कालीप्रसाद बास्कोटाको शब्द र संगीत रहेको 'झुटो माया जाल' गीतले उनलाई व्यापक चर्चामा ल्यायो । यो गीत उनको सांगीतिक जीवनको एउटा महत्वपूर्ण मोड बन्यो ।

'बतास', 'अलि अलि लजाउँदै', 'गुन्यु चोलोमा सजिएर', 'तीजैमा', 'विदेशी भूमि', 'माया वारवार', 'लुकिछिपी', 'तारा जुनैले', 'कहाँ हो तिम्रो मावल' लगायतका गीतहरूले उनको सांगीतिक दायरालाई अझ फराकिलो बनायो । उनले 'मायामा ढुङ्गा पनि गल्दो रहेछ' जस्तो गीतमा स्वयं संगीत सिर्जना गरेर आफूभित्रको संगीतकारलाई पनि स्थापित गरिन् ।

ऋतुका धेरै तीज गीतहरू पनि छन् । उनका तीज गीतहरूमा नारी संवेदना झल्किन्छन् । ऋतुका तीज गीतहरूलाई केवल मौसमी मनोरञ्जनका रूपमा बुझ्न सकिँदैन उनका गीतहरूमा नारी जीवनका अनुभूति, सामाजिक यथार्थ, पीडा, आकांक्षा र सांस्कृतिक चेतना अभिव्यक्त भएका छन् । उनले तीज गीतलाई केवल नाचगानको माध्यम नबनाई सामाजिक संवादको माध्यम बनाएकी छिन् । नेपाली महिलाको जीवन, पारिवारिक सम्बन्ध, समयको परिवर्तन र संस्कृतिको संरक्षणका विषयहरू उनका गीतहरूमा प्रतिध्वनित हुन्छन् । परम्परा र आधुनिकताको बीचमा सन्तुलन कायम गर्न सक्नु उनको एउटा महत्वपूर्ण विशेषता हो ।

ऋतुलाई धेरैले स्टेजकी 'डाइनामिक कल ाकार'को रुपमा पनि बद्रभ्फ्दछन् । स्टद्रडियोमा अति शान्त र संयमित देखिने ऋतु मञ्चमा उत्रिएपछि त्यति नै ऊर्जावान र आकर्षक देखिन्छिन् । देशका विभिन्न मेला, महोत्सव, सांस्कृतिक कार्यक्रम तथा विदेशस्थित नेपाली समुदायबीच उनको माग निरन्तर बढ्दो छ । हजारौं दर्शकहरूबीच गीत गाउने, नृत्य गर्ने र सम्पूर्ण दर्शकलाई आफ्नो प्रस्तुतिमा बाँधेर राख्ने क्षमता उनीसँग छ । यही कारणले नेपाली सांगीतिक वृत्तमा उनलाई 'डाइनामिक स्टेज परफर्मर' वा 'स्टेज क्वीन' को रूपमा पनि चिनिन्छ । उनका लागि स्टेज केवल प्रस्तुति गर्ने स्थान होइन दर्शकसँग ऊर्जा आदानप्रदान गर्ने एउटा माध्यम पनि हो ।

हामी सबै समाजप्रति उत्तरदायी हुनुपर्छ, अझ कलाकार देशका गहना हुन्, ऋतुको सामाजिक यात्रा पनि उत्तिकै सशक्त रहेको छ । ऋतु कडेल केवल गाउने कलाकार होइनन्, सोच्ने कलाकार पनि हुन् । आजको भाइरल संस्कृतिप्रति उनी गम्भीर देखिन्छिन् । सामाजिक सञ्जालबाट आउने क्षणिक लोकप्रियताभन्दा दीर्घकालीन साधना र गुणस्तरीय सिर्जनालाई उनी महत्व दिन्छिन् । उनको विचारमा आज मानिसहरू गुणस्तरभन्दा संख्याको पछि लागिरहेका छन्, रातारात चर्चित हुने होडले कलाको गम्भीरता घटाइरहेको छ । गीतका अश्लील शब्द र दृश्यले समाजमा नकारात्मक प्रभाव पारिरहेको विषयमा पनि उनी चिन्तित छिन् । बालबालिकाको मनोविज्ञानमा यस्ता गीतहरूले पार्ने असरबारे उनी अझ गम्भीर र सचेत देखिन्छिन् । उनका अनुसार कलाकारको काम केवल मनोरञ्जन दिनु मात्र होइन समाजलाई सही मार्गदर्शन दिनु पनि हो ।

विश्वमा विभिन्न उपचार पद्दति विकसित भएसँगै संगीत एक उपचार भएको उनी विश्वास गर्छिन् । २०७२ सालको विनाशकारी भूकम्पपछि देशभर भय, पीडा र निराशाको वातावरण थियो । त्यही समयमा ऋतु संगीतमार्फत मानिसहरूलाई राहत दिने अभियानमा सहभागी भइन् । भक्तपुरदेखि टुँडिखेलसम्म संगीतका कार्यक्रमहरू आयोजना गरेर मानिसहरूलाई मानसिक रूपमा सशक्त बनाउने प्रयासमा त्यति बेला उनले आँफूलाई केन्द्रित गरिन् । उनको विश्वास छ गीत संगीत एउटा उपचार पद्धति हो, मानिसलाई हँसाउन, ऊर्जा दिन, पीडा बिर्साउन र जीवनप्रति आशा जगाउन संगीतले महत्वपूर्ण भूमिका खेल्छ । उनी हरेक स्टेज शो मा भन्ने गर्छिन् "जो नाच्न जान्दैन, त्यो हाँस्न जान्दैन, जो हाँस्न जान्दैन, त्यो बाँच्न जान्दैन ।"

गीत, संगीतको क्षेत्रमा सक्रिय रहदै गर्दा ऋतुले धेरै सम्मान र उपलब्धि पनि प्राप्त गरेकी छिन् । उनको सांगीतिक योगदानलाई विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्मानहरूले मूल्यांकन गरेका छन् । छायाँछवि तीज संगीत पुरस्कार, नेपाल इन्टरनेशनल एक्सिलेन्स अवार्ड, इन्टरनेशनल अचिभमेन्ट अवार्ड, राष्ट्रिय नारी सम्मान लगायतका पुरस्कारह रूले उनको निरन्तरको सांगितिक योगदानलाई सम्मान गरेका छन् । गिनिज वर्ल्ड रेकर्डसँग सम्बन्धित सांगीतिक कार्यक्रममा सहभागिता र रेडियो नेपालको 'मेलान्कोली' परियोजनासँग जोडिएको उपलब्धिले उनको सांगितिक यात्रालाई अझ गौरवपूर्ण बनाएको छ । तर उनका लागि सबैभन्दा ठूलो पुरस्कार भने दर्शक र श्रोताको माया हो । मञ्चमा उभिँदा प्राप्त हुने ताली, गाउँघरमा भेटिने आत्मीयता र दर्शकको सम्मानलाई उनी आफ्नो वास्तविक सम्पत्ति मान्छिन् ।

ऋतुको सांगीतिक यात्रा हेर्दा एउटा कुरा स्पष्ट हुन्छ उनले सफलता खोजिनन्, साधना रोजिन्, लोकप्रियता खोजिनन्, पहिचान निर्माण गरिन् । भीडमा हराउन चाहिनन्, आफ्नै नामले चिनिन चाहिन् । उनको स्वरमा लोकको सुगन्ध छ, आधुनिकताको स्पर्श छ, नारी संवेदनाको गहिराइ छ, अध्ययनको आधार छ र संस्कृतिप्रतिको सम्मान छ, नेपाली संगीतको वर्तमान पुस्तामा अध्ययन, साधना, सामाजिक चेतना र सांस्कृतिक जिम्मेवारीलाई एकसाथ बोक्न सक्ने कलाकारहरूको कमी छ, ऋतु त्यही दुर्लभ समूहकी प्रतिनिधि पनि हुन् । उनको सांगीतिक यात्रा निरन्तर छ, संगीतको यो यात्रा केवल गीतहरूको यात्रा होइन यो एउटा कलाकारले आफ्नो समय, समाज र संस्कृतिसँग गरेको जीवन्त संवादको यात्रा पनि हो । नेपाली संगीतको इतिहासमा ऋतु कडेलको नाम केवल एक गायिकाको रूपमा होइन साधना, संवेदना र सांस्कृतिक चेतनाको एक उज्यालो हस्ताक्षरका रूपमा स्मरण गरिनेछ ।

# सकियो 'क्याप्टेन साब'को छायांकन



चलचित्र 'क्याप्टेन साब'को छायांकन सकिएको छ। दुई चरणमा गरेर छायांकन गरिएको चलचित्रको बुधबार सुटिङ इन्डक्ल्याप गरिएको हो।

पहिलो चरणको छायांकन गत वर्षको साउन १० गतेबाट सुरु गरिएको थियो। दोस्रो चरणको छायांकन दुई साताअघि गरिएको थियो। चलचित्रको छायांकन काभ्रे, काठमाडौं र वीरगञ्जमा गरिएको हो।

दीपेन्द्र के खनालले निर्देशन रहेको चलचित्र कृष्णबहादुर थापाले खिचेका छन्। चलचित्र 'क्याप्टेन साब' क्याप्टेन रामेश्वर थापाको बायोपिक हो। पाइलट समेत रहेका रामेश्वर व्यवसायी तथा सञ्चार उद्यमी हुन्।

पटकथा प्रडक्सन, यार्सा स्टुडियो र रिच इन्टरटेन्मेन्टको प्रस्तुति रहेको यस चलचित्रमा अभिनेता खगेन्द्र लामिछाने, अभिनेत्री सुरक्षा पन्त र सन्जोग रसाइली मुख्य भूमिकामा छन्।

दीपेन्द्रले यसअघि 'धनपति'मा खगेन्द्र र सुरक्षालाई मुख्य भूमिकामा लिएका थिए। त्यसयता एउटै चलचित्रमा यी तीनजनाको यो दोस्रोपटक सहकार्य हो। दीपेन्द्र र खगेन्द्रले भने सँगै काम गर्दै आएका छन्।

यो चलचित्रको निर्मातामा निर्देशक दीपेन्द्र स्वयंसँगै करण श्रेष्ठ छन्। कार्यकारी निर्मातामा सिर्जना नापित छिन्।

निर्देशक दीपेन्द्र के खनालकै लेखन रहेको चलचित्रमा सौगात बस्नेत मुख्य सहायक निर्देशक, सम्राट बस्नेत द्वन्द्व निर्देशक, एकी थेक्पा प्रोडक्सन डिजाइर, रोहित राज गौतम एचओपी र बिष्णु बुढाथोकी प्रोडक्सन म्यानेजर रहेका छन्।

---

# सिटी एक्सप्रेसको सहकार्यमा 'भक्तराज आचार्य राष्ट्रिय संगीत सम्मान' सम्पन्न



सिटी एक्सप्रेस मनि ट्रान्सफर र भक्तराज आचार्य संगीत प्रतिष्ठानको संयुक्त सहकार्यमा 'भक्तराज आचार्य राष्ट्रिय संगीत सम्मान २०८२' प्रदान गरिएको छ।

सम्मान गायनतर्फ वरिष्ठ गायिका मीरा राणा र संगीततर्फ वरिष्ठ संगीतकार सिके रसाईलीलाई जनही नगद पुरस्कार एक लाख एक रुपैयाँ प्रदान गरिएको छ। नगद एक लाख रुपैयाँ पुरस्कार प्राप्त गरेकी गायिका राणाले आफू क्यानसर सर्भाइभर भएको भन्दै क्यानसर समाजका लागि उक्त पुरस्कार रकम हस्तानतरण गरेकी छिन्।

उनकै पहलमा क्यानसर रोग लागेका कलाकारलाई सहयोग गर्न भन्दै हालै मात्रै क्यानसर समाज स्थापना गरिएको राणाले बताइन्।

कार्यक्रममा 'सुशीला आचार्य सु-स्वास्थ्य कामना सम्मान' वरिष्ठ संगीतकार गितारवादक दप्पक थापा र अभिनेता पवन मैनालीलाई प्रदान गरिएको छ। ५० हजार रुपैयाँ राशिको यो सम्मान सांगीतिक क्षेत्रमा कृयाशिल स्वास्थ्योपचार गराइरहेका संगीतकर्मीलाई प्रदान गर्दै आएको छ।

भक्तराज आचार्य संगीत प्रतिष्ठानकी अध्यक्ष सुशिला आचार्य र सिटी एक्सप्रेस मनि ट्रान्सफरका संस्थापक चन्द्र टण्डनले संयुक्त रुपमा यो सम्मान प्रदान गरेका थिए।

भक्तराज आचार्य संगीत प्रतिष्ठानले संगीत र कलाको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउदै आएको छ र सिटी एक्सप्रेसले सामाजिक उत्तरदायित्वअन्तर्गत भक्तराज आचार्य संगीत प्रतिष्ठानलाई साथ दिँदै आएको छ।

सिटी एक्सप्रेस मनि ट्रान्सफरले रेमिटान्स क्षेत्रमा आफ्नो छुट्टै पहिचान बनाउँदै विगत १९ वर्षदेखि संसारभरबाट विप्रेषण सेवा प्रदान गर्दै आइरहेको छ।

हालै सिटी एक्सप्रेस मनि ट्रान्सफरले सिटी पे वालेटमार्फत अनलाइन भुक्तानीको सेवा सुचारु गरेको छ साथै सिटी पेबाट रेमिटेन्स भुक्तानी पनि गर्न सकिन्छ।

# ‘नेपाल एभरेष्ट फिल्म फेस्टिभलले नेपाली चलचित्रलाई चिनियाँ बजारसँग जोड्यो’



चीनको हुनान प्रान्तमा हालै सम्पन्न ‘२०२६ नेपाल एभरेष्ट फिल्म फेस्टिभल’ले नेपाली चलचित्रलाई चिनियाँ बजारसँग जोड्ने महत्वपूर्ण काम गरेको आयोजकले जनाएको छ।

नेपाल-चीन कूटनीतिक सम्बन्धको ७१ औं वार्षिकोत्सवको अवसरमा अप्रिल १४ देखि १९ सम्म छाङ्शा र हेड्याङमा सम्पन्न महोत्सवमा ‘कबड्डी ४’, ‘छक्का पञ्जा ५’, ‘महाजात्रा’, ‘अञ्जिला’, ‘तेल-भिसा’ र ‘होस्टेल ३’ प्रदर्शन गरिएको थियो।

चलचित्र विकास बोर्डमा आयोजित एक कार्यक्रममा फेस्टिभलका अध्यक्ष करूण थापाले नेपाली चलचित्रलाई चिनियाँ बजारमा पुऱ्याउने, सहकार्य र सह-निर्माणको सम्भावना विस्तार गर्ने उद्देश्यले फेस्टिभल आयोजना गरिएको बताए।

अध्यक्ष थापाले दुई देशबीच चलचित्र आदानप्रदानलाई निरन्तरता दिनुपर्नेमा समेत जोड दिए। चलचित्र विकास बोर्डका अध्यक्ष दिनेशराज दाहालले यस्ता महोत्सवले नेपाली चलचित्रको अन्तर्राष्ट्रिय बजार विस्तारमा सहयोग पुग्ने बताए।

कार्यक्रममा चलचित्रकर्मी, निर्माता, निर्देशक, कलाकार तथा विभिन्न चलचित्र संघसंस्थाका प्रतिनिधिको सहभागिता रहेको थियो।

जे देखियो

# जब नवजात शिशुलाई काखमा लिँदै गृहमन्त्री भावुक बने...

न्यायको खोजीमा नागरिक सडकमा उत्रिनु नेपालका लागि नौलो विषय होइन। तर, नागरिकका पीडा सुन्न राज्य स्वयं सडकसम्म पुग्नु भने सधैं देखिने दृश्य अवश्य होइन। पछिल्ला दिनहरूमा काठमाडौंको माइतीघर मण्डलामा देखिएको एउटा फरक दृश्यले न्यायको पर्खाइमा रहेका धेरै पीडितमा नयाँ आशा जगाएको छ। चितवनका सुजन विकले श्रीमतीको अकाल मृत्युपछि न्यायका लागि गरेको सडक संघर्ष र दोस्रोपटक गृहमन्त्रीको जिम्मेवारी सम्हालेका सुधन गुरुङको सक्रियताले धेरैको मन तान्यो।

विगत तीन महिनादेखि काठमाडौंको माइतीघर मण्डलाको सडक चितवन रत्ननगर नगरपालिकाका सुजन विकका लागि न्याय माग्ने थलो बनेको थियो। अस्पतालको लापरवाहीका कारण सुत्केरी श्रीमती अस्मिता तामाङ विकको मृत्यु भएको दाबी गर्दै उनी नवजात शिशुसहित सडक संघर्षमा थिए। स्थानीय तह, प्रहरी र नेपाल मेडिकल काउन्सिलसम्म पुग्दा पनि सुनुवाइ नभएपछि उनलाई सडकले बोलाएको थियो। तर, यो सडकको रोदन सिंहदरबारसम्म पुग्ने आधार तब बन्यो, जब नव-नियुक्त गृहमन्त्री सुधन गुरुङ आफैं सडकमा आइपुगे।



उत्तमबाबु भट्टराई

दोस्रोपटक गृहमन्त्रीको जिम्मेवारी सम्हालेको छोटो समयमै सुधन गुरुङले माइतीघर मण्डलामा पुगेर विभिन्न घटनाका पीडितहरूको गुनासो सुन्न थालेका छन्। पीडितहरू न्यायका लागि सिंहदरबारको ढोका ढकढकाउन पुग्ने चलनका बीच, सिंहदरबारबाटै जिम्मेवार व्यक्ति माइतीघर पुग्नु धेरैका लागि फरक र सकारात्मक सन्देश बन्यो। गृहमन्त्रीको यही सक्रियताले सुजन विकमा पनि आफ्नो आवाज राज्यले सुन्ने आशा जगायो। र, उनी सडकबाट सिधै सिंहदरबार प्रवेश गरे।

लामो समयदेखि न्यायको ढोका ढकढकाउँदै सडक संघर्षमा होमिएका सुजन अन्ततः सिंहदरबारभित्रै गृहमन्त्रीको कार्यकक्षमा पुगे। सुत्केरी अवस्थामा अस्पतालले उचित हेरचाह र उपचार नगर्दा गृहणी गुमाउनुपरेको र नवजात शिशुको भविष्य संकटमा परेको भन्दै उनले सरकारसँग भावुक गुहार मागे। संसार देखाएर सधैंका लागि अस्ताएकी आमाको काखबाट वञ्चित भएको त्यो शिशुलाई काखमा लिँदै गृहमन्त्री गुरुङ निकै भावुक बने र तत्कालै एक्सनको घोषणा गरे। नवजात शिशु बोक्दै उनले भने ‘राज्य नागरिकको अभिभावक हो। अस्पतालको लापरवाहीका कारण कसैले ज्यान गुमाउनुपर्ने अवस्था आउनु अत्यन्तै दुःखद् छ। यो घटनाको गहिराइमा पुगेर छानबिन गरिनेछ र दोषीलाई कडा भन्दा कडा कारबाही हुनेछ।’

गृहमन्त्री गुरुङले मन्त्रालयका अधिकारीहरूलाई तत्कालै एक छानबिन समिति गठन गर्न र उक्त घटनाको सत्यतथ्य विवरण यथाशीघ्र बाहिर ल्याउन कडा निर्देशन दिए। छानबिनको प्रतिवेदनका आधारमा दोषी देखिएका जोकोहीलाई पनि कानुनी दायरामा ल्याइने प्रतिबद्धता मन्त्रालयको छ। सुजन विकको सिंहदरबारसम्मको यो यात्रा एउटा व्यक्तिको न्यायको खोजी मात्र थिएन, यो त माइतीघरको सडकबाट उठेको आवाज राज्यको केन्द्रसम्म पुगेको प्रतीक पनि हो।

दोस्रोपटक गृहमन्त्री बनेको छोटो समयमै उनले देखाएको यो कार्यशैलीलाई धेरैले संवेदनशील र परिणाममुखी दृष्टिकोणका रूपमा हेर्न थालेका छन्।

अन्तिम परिणाम कस्तो आउँछ त्यो भने आगामी दिनले नै देखाउनेछ। तर, जब राज्यको उपस्थिति नागरिकका आँसु र पीडामा पनि अनुभूत हुन्छ, तब लोकतान्त्रिक शासनप्रणालीप्रतिको विश्वास अवश्य बलियो बन्छ।

# विपद् जोखिम न्यूनीकरणको पूर्वतयारी गरौं ।

- वर्षाको समयमा बाढी पहिरो तथा चट्याङ्गको जोखिम हुन सक्छ,
- सम्भावित जोखिमको मूल्यांकन गरौं, सचेत बनौं,
- जोखिमयुक्त स्थानमा नबसौं, सुरक्षित स्थानमा बसौं,
- नदि किनारा वा भिरालो जमिनमा बसोवास भएकाहरू विशेष सतर्क रहौं,
- सम्भावित जोखिमबाट बच्न आपतकालीन पूर्वयोजना बनाऔं,
- घर परिवार र छिमेकीहरूसँग मिलेर सुरक्षित स्थानको पहिचान गरौं,
- सम्पर्क विन्दुहरू तय गरौं, सूचना प्रणालीमा आवद्ध होऔं,
- खाद्यान्न, पानी, प्राथमिक उपचार सामग्री, टर्चलाइट र आवश्यक औषधि आदि तयारी अवस्थामा राखौ,
- प्रकोप व्यवस्थापन तालिम तथा अभ्यासमा सहभागी बनौं,
- बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिको सुरक्षामा ध्यान दिऔं ।

**नेपाल सरकार**

**विज्ञापन बोर्ड**



IME २५ औं वार्षिकोत्सव
विदेशबाट पठाएको IME,
तपाईंको विश्वास र
हाम्रो जिम्मेवारी
विदेशबाट आइएमई गरेर पठाएको रकम Khalti Wallet, नेपालमा रहेको जुनसुकै बैंक खाता वा आइएमई काउन्टरबाट सजिलै प्राप्त गर्न सकिन्छ ।
IME International Money Express
Fast, Reliable And Secure Remittance
khalti by IME

www.jbbl.com.np

म.क्षे.हु.नि.द.नं. ७/०७०/७१

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
*More than a Bank*

परिवर्तनको ज्योति

# ज्योति घर कर्जा

# Fixed Interest Rate



सर्तहरु लागू हुनेछ।

**FIXED RATE**
**८.४९%**

# आफ्नै घर, अब छैन टाढा

८०% सम्म फाइनान्सिङ्को सुविधा

## ७ वर्षको लागि स्थिर ब्याजदर

यो स्किम सिमित अवधि / रकम सिमाको लागि मात्र उपलब्ध छ